मानननीय प्रदेश प्रमुख
श्री परशुराम खापुङ्ग समक्ष
माननीय मुख्य न्यायाधिवक्ता
गजेन्द्र आचार्यले पेश गर्नु भएको
आर्थिक वर्ष २०७८/०७९ को

# वार्षिक प्रतिवेदन

मुख्य न्यायाधिवक्ताको कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल

# मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन
## आर्थिक वर्ष २०७८/०७९

प्रकाशित मिति : २०८० वैशाख

**सम्पादक मण्डल**

संयोजक : श्री राजेन्द्र बहादुर बस्नेत

सदस्य : श्री नारायणप्रसाद दाहाल

सदस्य : श्री कुन्दन कुमार कर्ण

सदस्य : श्री चेतनाथ न्यौपाने

सहायक कम्प्युटर अपरेटर : श्री गंगा खतिवडा

प्रकाशक : मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. : ०२१-५७०९०७, ०२१-५७०६२८

आवरण/भित्री सेटिङ : लोचन कोइराला पोखरेल

मुद्रक: जनक छापाखाना, विराटनगर-६

Email: bhagawatpress@gmail.com



गजेन्द्र आचार्य
मुख्य न्यायाधिवक्ता



राजेन्द्रबहादुर बस्नेत
उपन्यायाधिवक्ता



नारायणप्रसाद दाहाल
सहायक न्यायाधिवक्ता



कुन्दन कुमार कर्ण
शाखा अधिकृत



चेतनाथ न्यौपाने
लेखा अधिकृत



गंगा खतिवडा
स. क. अपरेटर



संजीवकुमार कटुवाल
ह.स.चा.



गोविन लिम्बु
ह.स.चा.



चन्द्र दाहाल
का.स.



सरस्वती राजवंशी
का.स.

# मुख्य न्यायाधिवक्ताको कार्यालय
## कोशी प्रदेश, विराटनगर

माननीय प्रदेश प्रमुख ज्यू
प्रदेश प्रमुखको कार्यालय,
कोशी प्रदेश, विराटनगर

**विषय :** आर्थिक वर्ष २०७८/७९को वार्षिक प्रतिवेदन पेश गरिएको ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ । संविधानत: व्यवस्था गरिएका निकाय /संरचना मध्ये नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ । मुख्य न्यायाधिवक्ताको नियूक्ति मुख्य मन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाकार हुने र संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकी दिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ साथै मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने छ भन्ने संवैधानिक प्रावधान बमोजिम कोशी प्रदेश को प्रदेश सभाबाट "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ र मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवा शर्त सम्बन्धी नियमावली २०७८" निर्माण भई सकेको छ । उक्त ऐनको दफा १२ को उपदफा (१) मा मुख्य न्यायाधिवक्ताले प्रतिवेदनमा वर्षभरीका संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार पक्ष वा विपक्ष भई दायर भएका निवेदन, मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण भविष्यमा गर्नु पर्ने सुधारको विवरण, आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यवोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गर्दै प्रतिवेदनमा आवश्यक अन्य विषयहरु समेत उल्लेख गरी सिफारिस र सुझावहरु समेत उल्लेख गर्नु पर्ने व्यवस्था छ।

संघीयता नेपालको सन्दर्भमा नयाँ प्रयोग हो । संघ र स्थानीय तहका लागि पहिले बनेका कानून र व्यवहारलाई समय सापेक्ष रुपमा बनाउँदा पर्याप्त हुने अवस्था छ तर प्रदेशका लागि नयाँ कानून बनाउनु पर्ने बाध्यता छ । तीन तहको सम्बन्ध संविधानत: सहकारीता, सहअस्तित्व र सहकार्य भनी उल्लेख गरिएतापनि व्यवहारमा प्रयोगमा ल्याउन धेरै काम गर्न बाँकी नै छ । संविधानले राज्यशक्तिको बाँडफाँड र राज्यशक्तिको प्रयोग गर्न पाउने भनी निर्दिष्ट गरेका प्रावधानहरुको व्यवहारमा उतार्न आवश्यक भूमिका

निर्वाह गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी छ भने संविधानको अनुसूचीहरुमा भएका एकल अधिकार र साझा अधिकार सूचीको प्रयोगका सान्दर्भिकता अझ पेचिलो अवस्थामा छ। लामो समय एकात्मक शासन प्रणालीको अनुशरण गरिएको पृष्ठभूमिमा नयाँ संविधानको मूल भावना, प्रवन्ध र प्रयोगमा संघिय शासन प्रणालीमा प्रयोग गरिने तरिकाहरु फरक रुपमा आउछन, स्वभाविक पनि हुन्छ तरपनि मानसिकतामा पूर्ण परिवर्तन गर्न नसकिएको वर्तमान यथार्थतामा सहजताको वावजूद असहजताको स्थिति बेलावखत प्रकट हुने गरेको छ । संरचना निर्माण र परिचालनमा द्वैधता, अधिकार क्षेत्रमा हस्तक्षेप जस्ता तितो यथार्थता पनि कहिलेकाही प्रकट भएका छन् ।

प्रदेशमा कानूनी शासनको प्रत्याभूति गर्न गराउन नेपालको संविधान तथा प्रचलित अन्य कानूनको प्रयोगमा सहजीकरण गर्ने, फौजदारी न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी मुख्य न्यायाधिवक्ता र मातहतका कार्यालयहरुमा रहेको छ । कार्यालयबाट सम्पादन गरिने सम्पूर्ण कार्यहरु चुस्तदुरुस्त, पारदर्शी र कानून सम्मत हुन जरुरी हुदाँ मुख्य न्यायाधिवक्ता र सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको व्यवसायिक दक्षता, ज्ञान र सीपको विकास गर्न सकिए मात्र मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतको कार्यालयहरुले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्ने अवस्था हुन्छ । संविधान तथा कानूनले परिकल्पना गरेको, व्यवहारमा लागु हुने प्रक्रियामा रहेको संरचनाबाट तत्काल धेरै काम र परीणामको अपेक्षा गर्न हतार गरे जस्तो हुन्छ तर अहिले पनि संरचनात्मक /संगठनात्मक स्वरुप र अधिकारको श्रोत स्पष्ट र व्यवस्थित भई नसकेको अवस्था छ तथापी संविधान र कानूनको प्रयोग गर्ने कार्यमा मुख्य न्यायाधिवक्ताको कार्यालय अग्रसर भइरहेको अवस्था छ । तसर्थ संविधानत प्रदेश सरकारको काम कर्तव्य अधिकार तथा प्रदेश कानूनको पहुच सर्वसाधारण समक्ष पुऱ्याई विधिको शासनको प्रत्याभूती गर्ने दायित्व समेत मुख्य न्यायाधिवक्ताको जिम्मेवारी भित्र पर्दछ ।

अन्त्यमा "स्वच्छ, सुखी, समुन्नत" प्रदेशको उद्देश्यलाई प्रबर्द्धन गर्न कानूनी राज्य, विधिको शासन, मानव धिकार, स्वतन्त्र न्यायापालिका, कानून र न्यायका मान्य सिद्धान्तप्रति दृढ र अटल आस्था राख्दै प्रदेश कारले सम्पादन गर्ने महत्त्वपूर्ण कार्यहरुको कानूनी प्रतिरक्षाका लागि मुख्य न्यायाधिवक्ताको कार्याल सदैव दृढतापूवर्क क्रियाशील रहने व्यहोरा माननीय प्रदेश प्रमुख समक्ष सादर निवेदन गर्दछु ।

राजेन्द्र आचार्य

माननीय मुख्य न्यायाधिवक्ता

मिति:२०८० वैशाख

# विषय-सूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| **परिच्छेद- १** | | |
| १.१ | परिचय | १ |
| १.२ | मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| १.३ | कार्यालयको स्थापना र व्यवस्थापन | ४ |
| १.४ | संगठनात्मक स्वरुप | ४ |
| १.५ | मुख्य न्यायाधिवक्ता कार्यालयको प्रस्तावित संगठानात्मक संरचना | ६ |
| १.६ | कार्यालयमा रहने पदाधिकारी र कर्मचारीको शुरु दरवन्दी | ८ |
| १.७ | मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको नामावली विवरण | ८ |
| १.८ | कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था | ९ |
| १.९ | मुंख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण | ११ |
| **परिच्छेद -२** | | |
| २. | सम्पादित कार्यहरुको विवरण | १२ |
| २.१ | संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाह | १३ |
| २.२ | प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्दाहरुको विवरण | १३ |
| २.३ | प्रदेश सरकार पक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण : | १३ |
| २.४ | आ.व. २०७८/७९ मा सम्पन्न गरिएका अन्य कार्यक्रमहरु | १४ |
| | प्रहरी हिरासत तथा कारागार निरीक्षणको अवस्था : | १५ |
| | कानून कार्यन्वयनमा देखा परेका समस्या र चुनौती विषयक सरोकार वालासँगको एक दिवसीय अन्तरकृया | २२ |
| २.५ | समन्वय | २८ |
| २.६ | मूख्य न्यायाधिवक्ताको अन्य भूमिका | २८ |
| **परिच्छेद- ३** | | |
| ३.१ | अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम | २९ |
| ३.२ | अनुभव तथा सुझाव | ४२ |
| ३.३ | मुख्य न्यायाधिवक्ताको कार्यालयका सवल र दुर्वल पक्ष | ४२ |
| ३.४ | निष्कर्ष | ४४ |
| ३.५ | सुझावहरु | ४६ |
| ४ | अनुसूची १ | ४९ |
| | अनुसूची २ | ५४ |

# परिच्छेद - १

# सामान्य परिचय

## १.१ परिचय

नेपालको संविधानको धारा १६०, मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ । प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकि दिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुने छ भन्ने संवैधानिक व्यवस्था छ । प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन पारीत भएपश्चात प्रदेशको मुख्य न्यायाधिवक्ताको संरचनालाई व्यवस्थित रुप दिन सकिएको छ । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेका अन्य न्यायाधिवक्ताबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने, मुख्य न्यायाधिवक्ताले आफ्नो कर्तव्य पालना गर्दा प्रदेश सरकार पक्ष विपक्ष भई दायर भएका मुद्दा मामिलाका रोहमा प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यन्वयन भए वा नभएको अनुगमन गर्ने/गराउने, प्रदेश भित्रका विभिन्न हिरासतमा रहेका व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकारको समेत व्यवस्था गरिएको छ । प्रदेश सभामा आवश्यकता अनुसार कानूनी प्रश्नहरुमा आफ्नो राय व्यक्त गर्ने र न्यायिक वा अर्धन्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने/गराउने जिम्मेवारी समेत मुख्य न्यायाधिवक्तामा रहेको छ ।
फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ अनुसार प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रोवेशन तथा प्यारोल वोर्ड रहने व्यवस्था छ । जसको नियन्त्रण निर्देशन र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयसंग आपसी समन्वय गरी आफ्नो भूमिका निर्वाह गरिरहेको अवस्था छ ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्षमा आफूले सम्पादन गरेको कामकाजको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने र त्यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उक्त प्रतिवेदनमा अन्य कुराको अतिरिक्त मुख्य न्यायाधिवक्ताले वर्ष भरिमा संवैधानिक एवं

कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, प्रदेश सरकार पक्ष विपक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण, प्रदेश सरकार-पक्ष वा विपक्ष भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा आफ्नो मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी आवश्यक अन्य विषय समेत उल्लेख गरी सिफारीस र सुझावहरु समेत उल्लेख गरी यो आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## १.२ मुख्य न्यायाधिवक्ताको काम , कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने संवैधानिक व्यवस्था छ । सोही धाराको उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुरुप १ नं. प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन , २०७५ जारी भइ कार्यान्वयनमा रहेको अवस्था छ ।

क. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार नेपालको संविधानको धारा १६० र १ नं. प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाको अन्य शर्त सम्बन्धी ऐन २०७५ अनुसार देहाय बमोजम रहेको छ:-

(१) प्रदेश सरकार पक्ष/विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार निहीत रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सावर्जनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधिन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायिक निकायमा उपस्थित भई प्रतिरक्षा गर्ने / गराउने,

(२) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसला प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन प्रदेशको मन्त्रालय, सचिवालय, निकाय वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने/गराउने,

(३) प्रदेश [illegible] कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्य [illegible] कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानुन संसोधन गर्न

वा बनिरहेको कानून लागु गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्ने,

(४) प्रदेश सरकारका मन्त्रालय, सचिवालय र सो अन्तर्गतका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतहरुको स्तर कायम गर्न प्रदेश कार्यालयहरु बीच आवश्यक समन्वय गर्ने,

(५) प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाहरु उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक  निर्देशन दिने,

(६) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले अनुरोध गरेमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्य न्यायाधिवक्तालाई प्रतिनिधित्व गर्न खटाउने,

(७) कुनै अदालत वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकार तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(८) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हकहित प्रतिकुल भएको वा संविधान वा प्रचलित कानूनको उलङ्घन वा सार्वजनिक हितविपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(९) मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हकहित सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(१०) मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ ।

(११) कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको न्यायाधिवक्ताको अतिरिक्त अन्य न्यायाधिवक्ता वा अन्य कानून व्यवसायी खटाई मुद्दा दायर गर्न, अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ ।

(१२) मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सक्नेछ ।

## १.३ कार्यालयको स्थापना र व्यवस्थापन

मुख्य न्यायाधिवक्ताको नियुक्ति भएपश्चात महान्यायाधिवक्ताको कार्यालयबाट खटाईएका कर्मचारी, प्रारम्भिक ओ एन एम गरी सो बमोजिम नियुत्त कर्मचारीहरुबाट कार्यालय सञ्चालनमा रहेको छ । २०७५ साल असार २८ गते देखि विराटनगर स्थित हुलाक निर्देशनालयको दोस्रो तलामा रहेका ७ वटा कोठाहरु कार्यालयले प्रयोग गर्दै आइरहेको छ । आ. व. २०७५/७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ मा बजेटको परिधिभित्र रहेर कार्यालयलाई अत्यावश्यक सवारी साधन, फर्निचर तथा मेसिनरी उपकरणहरु खरिद गर्ने कार्यहरु सम्पन्न गरिएको छ ।

स्थापनाकालमा महान्यायाधिवक्ताको कार्यालयवाट गरिएको संगठानात्मक सर्भेक्षण बमोजिम कार्यालय स्थापना भएको र हाल प्रदेश सरकारले प्रदेश भित्रका संरचनाहरुको संगठनात्मक सर्भेक्षण गरिरहेको सन्दर्भमा यस मुख्य न्यायाधिवक्ताको कार्यालयको पनि समयानुकुल संरचना वनाउने कार्य प्रारम्भ गरेको अवस्था छ । जुन संगठन संरचना कार्यवोझ वृद्धि हुदै गरेको अवस्थामा अपर्याप्त भएको र मुख्य न्यायाधिवक्ताको मातहतमा हाल भै रहेको संगठन संरचनामा पदसोपान मिलाउन र सह-न्यायाधिवक्ताको अतिरिक्त अन्य कर्मचारी दरवन्दी व्यवस्थापन गर्न प्रस्तावित संगठन संरचना पनि पेश गरिएको छ ।

## १.४ हाल भै रहेको संगठनात्मक स्वरुप

महान्यायाधिवक्ताको कार्यालय तथा मुख्य मन्त्रीको कार्यालयबाट खटाइएका कर्मचारीहरु र करारमा नियुक्त कर्मचारीहरुबाट सञ्चालनमा रहेको यस मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठनात्मक संरचना तपशिल बमोजिम रहेको छ । कार्यसम्पादनमा गुणस्तर नआउदा सम्म परिणाम मुखी नतिजा आउन सक्दैन । तसर्थ मुख्य न्यायाधिवक्ता कार्यालयको संगठनात्मक संरचना हाल यसप्रकार रहेको छ । जुन पुनर्संरचना हुन आवस्यक रहेको छ ।




उल्लेखित संगठनात्मक संरचना मा तत्काल परिवर्तन गर्नु पर्ने निम्न आवस्यकताहरु रहेका छन ।

क) मुख्य न्यायाधिवक्ताको कार्यालयल संबैधानिक तथा कानुनि राय प्रदेश सरकार तथा मातहतका निकायहरुमा प्रदान गर्ने कार्यालय हो । यसको साथै प्रदेश सरकार र मातहतका निकायहरुको तर्फबाट बहस पैरवी र प्रतीरक्षा गर्ने, यस कार्यालयको मुख्य दायित्व रहेको हुदा नेपालको संविधानले समेत सरकारको प्रतिरक्षा गर्ने कार्य न्यायाधिवक्ताहरु बाट हुने

हुदा उक्त कार्यालयमा रहेका उप-सचिवको दरबन्दीलाई परिवर्तन गरि उप न्यायाधिवक्ताको पद राखिनु र शाखा अधिकृत का पदहरुलाई सहायक न्यायाधिवक्ताको पदमा परिवर्तन हुनुपर्ने देखिन्छ। जुन पदहरु महान्यायाधिवक्ता कार्यालय अन्तर्गत व्यवस्थापन भएका पदहरु हुन ।

ख) यस कार्यालयमा रहेको दरबन्दी प्रकृति हेर्दा समग्र कार्यालयमा एक जना मात्र कम्प्युटर अपरेटरको दरबन्दी रहेको देखिदा यस कार्यालयको बढ्दो कार्यबोझ तथा निजले पाउने बिदासमेतलाइ समेत हेर्दा कार्य सम्पादनमा बाधा अवरोध खडा हुने अवस्था देखिन्छ तसर्थ यस कार्यालयबाट प्रदान गर्ने सेवा प्रभावकारी रुपमा संचालन गर्न १ जना कम्प्युटर अपरेटरको दरबन्दी थप हुन अत्यावस्यक रहेको छ ।

ग) समग्र दरबन्दीलाई हेर्दा कार्यालयको काममा आएको चिठीपत्रहरु दर्ता गर्ने कार्यालयबाट पठाउने पत्रहरु चलानी गर्ने, स्टोर व्यवस्थापनमा सहयोग पुर्याउने, कार्य गर्नको लागि एक जना खरिदार स्तरको कर्मचारीसमेतको आवस्यक रहेको हुदा उल्लेखित दरबन्दीको व्यवस्थापन हुनुपर्ने अवस्था रहेको छ ।

## १.५ प्रस्तावित संगठनात्मक संरचना

मुख्य न्यायाधिवक्ताको पद उच्च अदालतको न्यायाधिश सरहको विशिष्ट श्रेणीको पद हो । मुख्य न्यायाधिवक्ताको कार्यालयको पदसोपान हेर्दा मुख्य न्यायाधिवक्ता पछि उप-सचिव स्तरको कर्मचारीको नेतृत्वमा कार्यालय संचालन भएको देखिन्छ । यो अवस्था पदसोपानको मूल्य मान्यता अनुरुप देखिदैन मुख्य न्यायाधिवक्ता सबै समयमा सर्वोच अदालतमा समेत उपस्थित भई बहस पैरवी गर्न सक्ने अवस्था नरहन पनि सक्छ । हालको अवस्थामा ५० भन्दा बढी रिट तथा मुद्दाहरु सर्वोच्च अदालतमा चालु अवस्थामा रहेका छन भने अन्य अदालतहरुमा पनि मुद्दा संख्या बढ्दो रुपमा रहेको तथ्यांकले देखाएको छ । मुद्दाको गाम्भीर्यता समेत बढी रहेको देखिन्छ। कानुन निर्माण तथा राय सल्लाह उपलब्ध गराउन समेतका काम गर्न, अन्य बिभाग तथा मन्त्रालयहरु संग कार्यसम्पादनमा समन्वय गर्न समेत पदसोपानको सिद्वान्तलाई अनुसरण गर्नुपर्ने हुन्छ । त्यसकारण मुख्य न्यायाधिवक्ताको कामलाई प्रभावकारी रुपमा अगाडी बढाउनको निमित्त सह न्यायाधिवक्ता रा.प. प्रथम श्रेणीको सरकारी वकिल समुहको न्यायाधिवक्ताको नेतृत्वमा संगठन संरचनाको निम्न बमोजिमको स्वरूप परिवर्तनको प्रस्ताब गरिएको छ ।

**मुख्य न्यायाधिवक्ता**

**सह न्यायाधिवक्ता रा. प. प्रथम**
- न्याय / सरकारी वकील -१
- ना. सु. -१
- स. चालक - १
- कार्यालय सहयोगी-१

**स्वकीय सचिब शाखा अधिकृत**
- रा.प. तृतीय श्रेणी -१
- कम्प्युटर अपरेटर – १
- हलुका सवारी चालक -१
- कार्या लय सहयोगी -१

**कानुनी राय तथा प्रति रक्षा शाखा**
- उप न्यायाधिवक्ता रा.प. द्वितिय श्रेणी सरकारी वकील ) - २
- सहायक न्यायाधिवक्ता (सरकारी वकील ) - १
- खरिदार/ सहायक चौथो – १
- स. चालक – १
- कार्यालय सहयोगी -१

**प्रशाशन / रिट शाखा**
- सहायक न्यायाधिवक्ता (सरकारी वकील ) - १
- ना.सु. / सहायक पाँचौ – २
- कम्प्युटर अपरेटर – २
- कार्यालय सहयोगी – २

**आर्थिक प्रशासन शाखा**
- अधिकृत छैटौ – १
- लेखा / सहायक -१

**मुकाम कार्यालय इलाम**
- सहायक न्यायाधिवक्ता १
- कार्यालय सहयोगी १

**मुकाम कार्यालय धनकुटा**
- सहायक न्यायाधिवक्ता १
- कार्यालय सहयोगी १

**अस्थाई मुकाम कार्यालय ओखलढुंगा**
- सहायक न्यायाधिवक्ता १
- कार्यालय सहयोगी १

➢ सर्बोच्च अदालतमा बहस पैरवीको लागि जादा बढीमा ३ ओटा कोठा भाडामा लिने बहस पैरवीको निमित्त उक्त कार्यालय जादा होटल बास खर्च नदिने समेतको व्यवस्था हुन वान्छनीय रहेको छ।

तसर्थ मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रस्तावित संगठन संरचनालाई अनुमोदन गरि महान्ययाधिवक्ता कार्यालय मार्फत थप सरकारी वकीलका दरवन्दीसहित संरचना स्वीकृतीको लागी अनुरोध गरिन्छ।

## १.६ कार्यालयमा रहने पदाधिकारी र कर्मचारीहरुको शुरु दरवन्दी

मुख्य न्यायाधिवक्ताको कार्यालयको दरबन्दी विवरण

| क्र. स. पद | श्रेणी | सेवा | समुह/उपसमुह | कुल दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १.मुख्य न्यायाधिवक्ता | पदाधिकारी | | | १ | |
| २.उप न्यायाधिवक्ता | रा.प.द्रितीय | न्याय | सरकारी वकिल | १ | |
| ३.शाखा अधिकृत | रा.प.तृतिय | न्याय | सरकारी वकिल | ३ | |
| ४.नायब शुब्बा | रा.प.अ.प्र. | प्रशासन | सा. प्र. | २ | |
| ५.लेखापाल | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | |
| ६. स.क.अपरेटर | रा.प.अ.द्वि. | विविध | | १ | |
| ७.ह.स.च. | श्रेणी विहिन | इन्जि. | मे./जे.मे | २ | |
| ८.का.स. | श्रेणी विहिन | प्रशासन | सा. प्र. | २ | |
| जम्मा | | | | १३ | |

## १.७ मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको नामावली विवरण।

| क्र.स | पद | नाम थर | सम्पर्क न. | कैफियत |
|---|---|---|---|---|
| १ | मुख्य न्यायाधिवक्ता | श्री गजेन्द्र आचार्य | ९८५२०७०९०७ | |
| २ | उप -न्यायाधिवक्ता | श्री केशवप्रसाद पन्त | ९८५२०७०६२८ | |
| ३ | सहायक न्यायाधिवक्ता | श्री नारायणप्रसाद दाहाल | ९८४२८३०२०९ | |
| | शा. अ. | श्री कुन्दन कुमार कर्ण | ९८४३३०५६३१ | |
| ५ | अ. स्तर छैटौं लेखा | श्री चेतनाथ न्यौपाने | ९८४२०४७२६६ | |
| ६ | स्वकीय सचिव | | | |
| ७ | स.क.अ. | श्री गंगा खतिवडा | ९८४२९६८६६० | करार |
| ८ | ह. स. चा. | श्री संजिव कु. कटुवाल | ९८६४३९८४९५ | करार |
| ९ | ह. स. चा. | श्री गोविन लिम्वु | ९८२५३९६९८५ | करार |
| १० | का. स. | श्री चन्द्र दाहाल | ९८५२०५४४११ | करार |
| ११ | का. स. | श्री सरस्वती राजवंशी | ९८१०४६६५६४ | करार |

## १.८. कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था

संगठनको लक्ष्य अनुरुप प्रभावकारी कार्य सम्पादनको लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सञ्चालन सम्बन्धी सामग्रीहरु लगायतका भौतिक साधन र पूर्वाधारहरुको साथै सुरक्षा संयन्त्रहरु समुचित व्यवस्थापन अपरिहार्य हुन्छ । कार्यालयको भवन निर्माण नभएको र अपर्याप्त भएको कारणले २०७५/३/२८ गते क्षेत्रिय हुलाक कार्यालय रहेको दोस्रो तलामा स्थानान्तरण भई मुख्य न्यायाधिवक्ताको कार्यालय सञ्चालनमा रहेको छ । आफ्नै भवन नभएको कारण कार्य वातावरण सहज छैन । कार्यालयको भवन निर्माणको लागी आवश्यक पहल गरी व्यवस्थापन गर्नु पर्ने टकारो अवस्था रहेको छ। कार्यालयमा आवश्यक फर्निचर, मेसिनरी, सवारी साधन खरिद गरी व्यस्थापन गरिएको छ ।

(क) सवारी-साधनको विवरण

| सि. नं. | सवारी-साधनको नं. | जिन्सी | सवारी साधनको नाम | खरिद मिति | मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | को. १ झ. ५७९ | १८ | Safare Storm Vx | २०७५/६/५ | ६८,४३,००० | |
| २ | ०१-००१-झ. ७०५ | ३४ | Venues Sp | २०७६/८/१ | ३६,९०,००० | |
| ३ | ०२-००१ ब.२९४३ | १९ | Honda Deo A3110cc | २०७७/३/१६ | २,०२,००० | |
| ४ | को. १ ब.१८८४ | २० | Honda Cb Shine Motorcycle 125cc | २०७५/६/२९ | २,०९,९०० | |
| ५ | को. १ ब. १८८५ | १९ | Honda Deo A3 110cc | २०७५/६/३० | १,९५,९०० | |
| ६ | ०२-००१ ब. २६८२ | २० | Pulsar 150cc | २०७६/८/३ | २,६२,२०० | |

(ख) जिन्सी सामानहरुको विवरण

| सि. नं. | जिन्सी | जिन्सी वर्गिकरण संकेत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिणाम | दर | जम्मा मुल्य रु | |
| १ | १ | | अफिस टेबुल | १ | १२ | | ३९०८५६ | |
| २ | २ | | घुम्ने कुर्सी | १ | ११ | | २३१९४२ | |
| ३ | ३ | | टि टेबल | १ | १३ | | १८२७८० | |
| ४ | ४ | | सोफा | १ | ७ | | ३३५४९७ | |
| ५ | ५ | | कम्प्यूटर | १ | ७ | | ५३६९४६ | |
| ६ | ६ | | ल्यापटप | १ | ७ | | ८,५७,०५५ | |
| ७ | ७ | | प्रिन्टर | १ | ५ | | १३१३०० | |
| ८ | ८ | | प्रोजेक्टर | १ | १ | | ६०५०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | ९ | | दराज | १ | १२ | | १९२८३९ | |
| १० | १० | | बुककेश | १ | ६ | | १०२९८५ | |
| ११ | ११ | | कम्प्यूटर टेबल | १ | ५ | | ४२६०१ | |
| १२ | १२ | | फिक्स चेयर | १ | ९ | | ४०८६६ | |
| १३ | १३ | | यू. पि. एस. | १ | ६ | | १२३३९८ | |
| १४ | १४ | | ट्याब | १ | १ | | ८६०० | |
| १५ | १५ | | ग्यास सेट | १ | २ | | १०८०५ | |
| १६ | १६ | | कोट स्टेण्ड | १ | ६ | | १६९५० | |
| १७ | १७ | | ब्याट्री | १ | २ | | ६८३४९ | |
| १८ | २१ | | पंखा | १ | ६ | | २२०४५ | |
| १९ | २२ | | साइकल | १ | ६ | | ८५४०० | |
| २० | २३ | | ए.सी. | १ | ३ | | २५३५७६/- | |
| २१ | २४ | | Satablizer | १ | ३ | | ४१९५१ | |
| २२ | २५ | | फ्रिज | १ | २ | | ७००६० | |
| २३ | २६ | | वाटर डिस्पेन्सर | १ | १ | | १४२३८ | |
| २४ | २७ | | हिटर | १ | ४ | | ११९३२ | |
| २५ | २८ | | भ्याकुम क्लिनर | १ | १ | | ८५४२ | |
| २६ | २९ | | पलङ्ग | १ | २ | | ३९२३८ | |
| २७ | ३० | | क्यामरा | १ | १ | | १२०२३२ | |
| २८ | ३१ | | मेटेस | १ | १ | | १०१७० | |
| २९ | ३२ | | मोबाइल | १ | १ | | ३४८९९ | |
| ३० | ३३ | | फोटोकपी मेशिन | १ | १ | | ९७१८० | |
| ३१ | ३५ | | गाडिको क्यामरा | १ | २ | | २२६०० | |
| ३२ | ३६ | | सि.सि. क्यामरा | १ | १ | | १४६८७७ | |
| ३३ | ३७ | | Automatic sanitizer Machine | १ | १ | | १३८५० | |
| ३४ | ३८ | | Seat coshion | १ | १ | | ७००० | |
| ३५ | ३९ | | हाजिरी मेसिन | १ | १ | | २३५०० | |
| ३६ | ४० | | नामावली वोर्ड | १ | २ | | २४,००० | |
| ३७ | ४१ | | झण्डा स्टेण्ड | १ | १ | | २,००० | |
| ३८ | ४२ | | सूचना पाटी | १ | १ | | ३,००० | |
| ३९ | ४३ | | भऱ्याङ्ग | १ | १ | | १०,८७५ | |

## १.९ मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण :-

मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि आर्थिक वर्ष २०७८/०७९ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तपशील**

| सि.नं. | बजेट उपशिर्षक | बजेट विनियोजन | निकासा | खर्च | खर्च नभएको |
|---|---|---|---|---|---|
| १ | २१६०००११३ (चालु प्रशासनिक खर्च) | १,६७,९३०००/- | १,०८,६५,७२६/९० | १,०८,६५,७२६/९० | ५९,२७,२७३/१० |
| | मुख्य क्रियाकलाप : मुख्य न्यायाधिवक्ता पारिश्रमिक र सुविधा, खर्चहरु, मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको परिश्रमिक र कार्यलय संचालन खर्चहरु । | | | | |
| २ | २२५२२ (कार्यक्रम खर्च) | १६,५०,०००/- | १०,३७,८५०/- | १०,३७,८५०/- | ६,१२,१५०/- |
| | कार्यक्रम सञ्चालन गर्दा भएको खर्चहरु | | | | |
| ३ | २१६०००११४ (पूँजीगत खर्च) | ८,००,०००/- | १,८६,४९९ /- | १,८६,४९९ /- | ६,१३,५०१/- |
| | कार्यालय सञ्चालन सँग सम्बन्धी यन्त्र, उपकरण तथा मेशिन औजार खर्च भएको तर मोटरसाइकल खरिद र कार्यालयका लागि फर्निचर फिक्चर्स तथा अन्य पूँजीगतमा खर्च नभएको । | | | | |

# परिच्छेद - २

# सम्पादित कार्यहरुको विवरण

## सम्पादित कार्यहरुको विवरण

१. केशी प्रदेश को प्रदेश सकार पक्ष भएका मुद्दाहरुमा मूख्य न्यायाधिवक्ताकोकार्यलयबाट सर्वोच्च अदालत र उच्च अदालतका ईजलासहरुमा प्रदेश सरकारको तर्फबाट बहस पैरबी प्रतिरक्षा भईरहेको छ ।

२. प्रदेश कानूनको प्रभाकारी कार्यान्वयन गर्नका लागि प्रदेश सरकारको तर्फबाट गरिने कानूनी काम कारवाहीमा एकरुपता कायम गर्नका लागि भोजपुर, खोटाङ्ग, मोरङ्ग, उदयपुर, इलाम, धनकुटा, तेह्रथुम, जिल्लाका सरोकारवाला निकायबीच अन्तरकृया, तालीम तथा छलफलहरु सञ्चालन गरिएका लिखित जवाफ सम्बन्धमा प्रदेशका कानून अधिकृतहरु सँग अन्तरक्रिया सञ्चालन गरिएको छ।

३. प्रदेश कानूनको निर्माण पश्चात कार्यान्वयनमा देखिएका सवल र दुर्वल पक्षको अध्ययन गर्न थालिएको छ । लिखित जवाफ र कानूनी प्रतिरक्षाका लागि आवश्यक दक्षता ,सीप विकास सम्बन्धी अभिमुखिकरण अन्तरकृयात्मक कार्यक्रमसमेत यस कार्यालयबाट हुने गरेको छ ।

४. कानून निर्माणका कतिपय सन्दर्भमा प्रदेश सभा र समिती समक्ष उपस्थित भई मूख्य न्यायाधिवक्ताबाट आफ्नो राय व्यक्त गर्ने गरिएको छ ।

५. प्रदेश भित्र रहेका इलाम, पाँचथर, झापा, भोजपुर, सङ्खुवासभा, सुनसरी, मोरङ्ग, धनकुटा जिल्लामा रहेका हिरासत कक्ष र कारागार अनुगमन गरी मानवोचित व्यवहार गर्न र भएका समस्या र समाधान खातिर अवलम्वन गर्न सकिने विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण गरिएको छ ।

६. सर्वोच्च अदालत, उच्च अदालतहरुमा प्रदेश सरकारको तर्फवाट मुद्दामा वहस पैरवी तथा प्रतिरक्षा गरिरहेको छ ।

७. प्रदेश कानूनको निर्माण पश्चात कार्यन्वयनमा देखिएमा सवल र दुर्वल पक्षको अध्ययन गर्न थालिएको छ ।

## २.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाह

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरुमा वहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादन गरिएका कार्यहरुको कार्यालयगत तथा एक मुष्ठ लगत फछ्र्यौट विवरणलाई निम्न प्रकार प्रस्तुत गरिएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालयबाट स्थापना भए देखि यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा लिखित तथा मैखिक राय माग हुने गरेको छ । राय माग भएकोमा सबै राय माग गर्ने प्रदेश सरकारका निकायहरुलाई कानूनी राय तथा कानूनी परामर्श प्रदान गरिएको छ ।

## २.२ प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्दाहरुको विवरण

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकार प्रत्यर्थी भई दायर भई फछ्र्यौट भएको मुद्दा र हाल चालु रहेको मुद्दाहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र. सं. | विवरण | मुद्दा संख्या | कैफियत |
|---|---|---|---|
| १ | गत सालको अल्या मुद्दा | ५८ | |
| २ | यस वर्ष दर्ता भएको मुद्दा | ६७ | |
| ३ | यस वर्ष फछ्र्यौट मुद्दा | ५२ | |
| ४ | यस वर्ष बाँकी रहेको मुद्दा | ७३ | |

## २.३ प्रदेश सरकार पक्षभई चलेको मुद्दा सम्बन्धी विवरण :

नेपालको संविधानको धारा १६० (७) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने भनिएको छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम कुनै अदालत वा न्यायिक निकाय समक्ष प्रदेश सरकारको तर्फबाट निवेदन पुनरावेदन र पुनरावलोकन गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ । सो अनुसार आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकार पक्षभई कुनै विषयको मुद्दा दायर गर्ने निर्णय भएको छैन । उक्त विवरण अनुसूचीमा राखिएको व्यहोरा अनुरोध छ ।

## २.४ मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आ.व. २०७८/७९ मा सम्पन्न गरिएका अन्य कार्यक्रमहरु

| क्र.स. | मिति | कार्यक्रम/अन्तर्किया | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | २०७८/६/१४ | उच्च अदालत ,सरकारी वकील ,प्रहरी एवं वार एशोसियसनसँग कानून सम्बन्धी अन्तरक्रिया कार्यक्रम | धनकुटा हिले | |
| २. | २०७८/९/०५ | प्रहरी हिरासत तथा कारागार निरीक्षण | झापा | |
| ३. | २०७८/९/१६ | गाउँ पालिका/नगर पालिकाहरुका न्यायिक समितिहरुसंग अन्तक्रिया कार्यक्रम । | भोजपुर | |
| ४. | २०७८/९/१८ | गाउँ पालिका/नगर पालिकाहरुका न्यायिक समितिहरुसंग अन्तक्रिया कार्यक्रम । | खोटाङ्ग | |
| ५. | २०७८/१२/२३ | कानून कार्यन्वयनमा देखा परेका समस्या र चुनौती विषयक सरकारवालाहरु संगको एक दिवशिय कार्यक्रम | विराटनगर | |
| ६. | २०७९।०२।३० | अन्तर प्रदेश अनुभव अदान प्रदान कार्यक्रम एवं अन्तरक्रिया | मधेश प्रदेश, | |
| ७ | २०७९।०२।३१ | अन्तर प्रदेश अनुभव अदान प्रदान कार्यक्रम एवं अन्तरक्रिया | लुम्बीनी प्रदेश, | |
| ८ | २०७९।०३।०२ | अन्तर प्रदेश अनुभव अदान प्रदान कार्यक्रम एवं अन्तरक्रिया | गण्डकी प्रदेश | |
| ९ | २०७९।०३।०३ | अन्तर प्रदेश अनुभव अदान प्रदान कार्यक्रम एवं अन्तरक्रिया | वाग्मती प्रदेश | |
| १०. | २०७९/३/१५ | प्रदेश प्रहरी प्रशिक्षण कार्यक्रम | विराटनगर | |

# प्रहरी हिरासत तथा कारागार निरीक्षणको अवस्था

## मिति २०७८/०९/०५ गते गरिएको झापा जिल्लाको प्रहरी हिरासत तथा कारागार निरीक्षणको अवस्था

१. **परिचय :-** नेपालको संविधानको धारा १६० मा व्यावस्था भए वमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सोही धाराको उपधारा (५) वमोजिम प्रदेश सरकारको कानूनी सल्लाहकार हुने संवैधानिक व्यावस्था रहेको मा महान्यायाधिवक्ताको परिपत्र अनुसार मुख्य न्यायाधिवक्ताले कारागार कार्यालयहरु निरिक्षण अनुगमन गर्ने व्यावस्था भए वमोजिम निरिक्षण अनुगमन हुने गरेको छ।

२. **अनुगमनको उदेश्य :-** कारागारमा रहेका कैदी बन्दीहरु उपर मानवोचित व्यावहार भए नभएको, आफन्त र कानून व्यवसायी सँग भेटघाट भए नभएको जानकारी लिने र कार्यालयको भौतिक अवस्था अनुगमन गरी त्यसवाट देखिएका समस्या समाधानको लागी सम्बन्धित निकायमा पहल गर्ने ।

३. **कैदी बन्दीहरुको अवस्था :-** लगभग ५५० जनाको क्षमता भएको कारागार कार्यालय झापामा १२१३ जना पुरुष, ७४ जना महिला र ३ जना आसृत वालवालिका गरी जम्मा १२९० जना कैदी बन्दीहरु रहेकोले कारागारको क्षमता भन्दा बढी कैदी बन्दीहरु रहेको देखिएको ।

४. **कैदी बन्दीहरुको स्वास्थ्य स्थिति :-** कैदि बन्दीहरु मध्ये ७ जना टि. वि. रोगी, ३ जना एच.आई.भी. (HIV) पिडित र १ जना हेपटाइटीस C संक्रमित भई कारागार भीत्र रहेको आइसोलेसन कक्षमा वसी नियमित औषधी सेवन गरी स्वास्थ्यमा सुधार भएको र नियमित औषधी सेवन गर्ने अन्य कैदीबन्दिहरुले औषधी सेवन गरी रहेको ।

५. **भेटघाट :-** कारागार कार्यालय झापामा रहेका कैदी बन्दीहरुले आफ्नो कानून व्यावसायी तथा आफन्त संग भेटघाट गर्न पाएको भए पनि अलग्गै भेटघाट कक्ष नभएका कारण कैदी बन्दीहरुको गोपनियता भने कायम हुन सकेको नदेखिएको संविधानको धारा २० को उपधारा (२) वमोजिम स्वच्छ सुनवाइको व्यवस्था न्यून रहेको पाइदा उचित निर्देशन दिएको ।

६. **कैदी बन्दीहरुको सिप विकास :-** कारागारमा रहेका कैदी बन्दीहरुले सीप मूलक कार्यहरु मुढा वुन्ने, टोपी वुन्ने, हस्तकला सामग्रीहरु वनाउने तथा गरगहनाहरु समेत वनाउने गरेको र सो उत्पादनको विक्रि वितरण समेत हुने गरेको भए पनि यस बर्ष भएको बन्दा बन्दीका कारण विक्री वितरणमा कमी भएको देखिएको ।

७. **कैदी बन्दीहरुको अध्यायन :-** कारागारभीत्र रहेको पुस्तकालयमा कानूनी तथा धार्मिक पुस्तकहरु पत्रपत्रिकाहरु उपलब्ध भए पनि सवै लाई एथेस्ट मात्रामा पुग्ने पुस्तकहरुको कमी भएको, उपलब्ध भए सम्मका पुस्तक तथा पत्रपत्रिकाहरु कैदी बन्दीहरुले अध्यायन गर्ने गरेको ।

८. **टेलिभिजनको व्यावस्था :-** कारागार कार्यालयको धेरैजसो कैदी बन्दी कक्षमा टेलीभिजनको व्यावस्था भएको र कैदी बन्दीहरु समुह समुह मिलेर टेलिभिजन हेर्ने तथा पत्रपत्रिका अध्ययन गर्ने गरेको देखिएको छ ।

९. **खेलकुद :-** कारागार भित्र फुटवल ग्राउण्ड, भलिवल ग्राउण्ड र व्यायम साला समेत रहेको देखिएको तथा कैदी बन्दीहरुले फुटवल खेल्ने, भलिवल खेल्ने, व्यायम गर्ने, टी. टी. खेल्ने, चेस तथा क्यारेम्वोड खेल्ने जस्ता कार्यहरु गरी रहेको देखिएको ।

१०. **कैदी बन्दीहरुले पाउने सुविधा :-** कारागारमा रहेका कैदी बन्दीहरुले कानूनले प्रदान गरेको सिधा खर्च तथा सुविधा पाई रहेको देखिएको ।

११. **स्वास्थ्य कर्मी सम्बन्धी :-** कारागार कार्यालयमा १ जना सिनियर अ.हे.व. को दरवन्दि भए पनि स्वास्थ्य कर्मी उपलब्ध हुन नसकेको, कारागार कार्यालय बाटै करारमा अ.हे.व. नियुक्ती गरी काम काज गर्दै रहनु भएकोमा स्वास्थ्य कर्मीको तत्काले व्यवस्था हुन सम्बन्धित निकायमा पहल गर्नु पर्ने देखिएको ।

१२. **कार्यालय प्रशासन :-** कैदी बन्दीहरुले सिपमूलक कार्य गरी उत्पादीत समानलाई विक्रि वितरण गर्न र चाहिने कच्चा पदार्थहरुको व्यावस्थापन गर्न सहयोग गरेको, कानून वमोजिमको कैदी बन्दीहरुले पाउने सुविधा दिएको देखिएको , खेलकुद व्यायमशाला तथा पत्रपत्रिकाको अध्यायन, आफन्त तथा कानून व्यावसायी संगको भेट घाटको प्रबन्ध

मिलाएको देखिएको र कैदी बन्दीहरुले सेवन गर्ने नियमित औषधीको व्यापस्थापन समेत गरेको देखिएको ।

१३. **कैदी बन्दीहरुको गुनासो :-** मुद्दा फैसला भई अदालतको फैसला वमोजिम कारागारमा रहेको भए पनि केही कैदीबन्दीहरुले बेलैमा कैदी पूर्जी प्राप्त गर्न नसकेको, मुद्दा अन्तिम भएको जानकारी सरकारी वकील कार्यालयबाट केही मुद्दाहरुमा प्राप्त हुन नसकेको, जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ बमोजिमको सुविधा केही मुद्दाका कैदीबन्दीहरुले प्राप्त गर्न नसकेको, वैतनीक वकील हप्तामा १ दिन आएर मुद्दा सम्बन्धी जानकारी लिने दिने गरे पनि सो प्रयाप्त नभएको ।

१४. **कार्यालय प्रशासनको गुनासो :-** कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी रहने अवस्था सृजना भएकोले कारागार भवन सानो भएको, १२९० जना कैदी बन्दी रहेको कारागारमा १९ जना मात्र सुरक्षाकर्मी भएको हुदा सुरक्षा कर्मीको कमी भएको/कलवड गुडी झापामा जग्गा प्राप्त भएको भए पनि कारागार भवन निर्माण प्रकृया अगाडी बढेको नदेखिएको, स्वास्थ्य कर्मीको दरबन्दि भएपनि पदपुर्ति हुन नसकेको ।

१५. **तत्कालै गर्नु पर्ने कार्यहरु :-** क्षमता भन्दा बढी कैदीवन्दी रहेको देखिएको हुदा तत्काल कारागारको स्तरोन्नती गर्नु पर्ने, कारागार सुरक्षा कर्मीको कमी देखिएकोले सुरक्षा कर्मी थप गर्नु पर्ने दरबन्दी अनुसारको स्वास्थ्य कर्मीको पदपुर्ति हुनु पर्ने विषयमा सम्बन्धित निकायमा जानकारी गराई सो को लागि पहल गर्नु पर्ने । कैदीबन्दीहरुले पाउनु पर्ने जेष्ठ नागरीक सम्बन्धी ऐन २०६३ बमोजिमको सुविधाको लागि सम्बन्धित विकायमा जानकारी गराउनु पर्ने ।

१६. **निष्कर्ष तथा सुझाव :-** फौजदारी कानूनको उल्लंघन गरे वापतको सजाय गरी कारागार भीत्र राख्नुको मूल उदेश्य कैदीबन्दीहरुको अपराधिक प्रवृती सुधार गरी समाज उपयोगी नागरीकको रुपमा रुपान्तरण गर्नु नै हो यसका लागि फैजदारी कसुर र सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४ अनुसार प्रोवेशन तथा प्यारोल वोडको तत्काल स्थापना गरी कार्यान्वयन गर्नु पर्ने १ नं. प्रदेश भीत्र रहेका कारागार कक्षको स्तरोन्नती गर्नु पर्ने ।

# स्थानीय तहमा कानून निर्माण प्रक्रिया तथा न्यायीक समितिको कार्यविधि सम्बन्धी

# अन्तरक्रिया तथा छलफल कार्यक्रमको प्रतिवेदन, भोजपुर (२०७८/९/१६)

१. **परिचय :-** प्रदेश कानून र यसको प्रभावकारी कार्यान्वयनका लागी स्थानीय तहमा भए गरेका कानून निर्माण प्रकृया तथा न्यायीक समितिको काम एवं कार्यविधि अन्तरक्रिया छलफल गरी न्यायीक समितिले प्रचलित कानून वमोजिम उजुरीको सुरु कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि र प्रकृयाका सम्वन्धमा स्पष्टता, पारदर्शिता, कानूनी शासनमा जनविश्वासको अवधारणा कायम गर्ने गरी छलफल कार्यक्रम संचालन भएको ।

२. **पृष्ट भूमी :-** केशी प्रदेश को भोजपुर जिल्लाका स्थानीय निकायको निमार्ण प्रकृया न्यायिक समितिले गर्ने कानूनी प्रयोग यसवाट हुने जन विश्वास तथा १ नं. प्रदेशका सवै न्यायीक समितिले संचालन गर्ने काम कारवाहीमा एकरुपता कायम गर्न मुख्य न्यायाधिवक्ताको कार्यालयले सकरात्मक भूमीका खेल्ने जन अपेक्षा रहेको ।

३. **उद्देश्य :-** स्थानीय निकायमा भएको विवाद न्यायिक समितिमा दर्ता गर्ने प्रकृया समाधानको उपाय, मेलमिलाप, छलफल, निर्णय गरी समाधान गर्ने विधिको सम्बन्धमा छलफल गरी प्रदेश कानून तथा संघिय कानून वमोजिम हुने कारवाही बाहेक स्थानीय न्यायीक समितिको अधिकार क्षेत्र सम्बन्धमा अन्तरक्रियाको माध्यमवाट एकरुपता कायम गर्ने ।

४. **कार्यक्रमको विषयवस्तु :-** न्यायीक समितिको कार्यविधि, अवधारणा, दृष्टीकोण प्रयोग, कार्यान्वयन पक्ष, सहभागिता मूलक अनूभव आदान प्रदान ।

५. **कार्यक्रम संचालन प्रकृया :-** मुख्य न्यायाधिवक्ताको कार्यालय केशी प्रदेश का मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ, उप-सचिव श्री कृष्णबटु भण्डारी, शा.अ. श्री नारायण प्रसाद दाहाल समेत भै कार्यक्रम संचालन गरीएकोमा उप-सचिव वाट सहजिकरण तथा मुख्य न्यायाधिवक्ता वाट सहभागिता मूलक कार्यक्रममा अध्यायन तथा छलफल संचालन गरी समापन भएको ।

६. **कार्यक्रमवाट भएको उपलब्धी :-** स्थानीय निकायमा कानूनको निर्माण प्रकृयामा सहयोग पुगेको, न्यायीक समितिका पदाधिकारी तथा संयोजकको क्षमता अभीवृद्धी तथा कानून वमोजिमको उजुरी उपर कानूनी प्रकृया अवलंवन गर्न सहज भएको, उजुरी उपर मेलमिलापको माध्यम वाट किनारा गर्ने प्रकृयाको विकास भई निर्णय कार्यान्वयनमा सहयोग पुगेको, विवाद भएको उजुरीको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्वन्धमा स्पष्टता , पारदर्शिता एवं एकरुपता कायम गर्न सहयोग पुगेको देखिएको ।

७. **गुनासो :-** स्थानीय निकायका न्यायीक समितिका पदाधिकारीहरुलाई तालिम तथा सिकाईको व्यावस्था हुनुपर्ने, कानूनी निर्माण प्रकृयामा स्थानीय तह वीच एकरुपता हुनु पर्ने, कानूनी कार्यविधि कार्यान्वयनमा सहजिकरण प्रदेश सरकारले वा संघिय सरकारले गर्नु पर्ने, निर्णय कार्यान्वयनको लागी सवै निकायले सहयोग गर्नु पर्ने ।

८. **सुझाव :-** प्रदेश १ भीत्रका सवै स्थानीय तहसंग कानूनी प्रकृयाका सम्बन्धमा छलफल हुनु पर्ने देखिएको, स्थानीय निकायमा रहेको न्यायीक समिति कृयाशिल रहेको देखिएकोमा निर्णय कार्यान्वयनको पक्ष सहज र सक्रिय हुनु पर्ने, धेरै स्थानीय निकाय संग छलफल र अन्तर क्रिया कार्यक्रमको लागि उचित वजेटको व्यवस्था हुनु पर्ने ।

९. **निष्कर्ष :-** स्थानीय निकायका न्यायीक समितिसंगको छलफल तथा अन्तर क्रिया कार्यक्रमको उपलब्धी मूलक रहि जनभावना अनुरुप विधिको शासन स्थापीत गर्न सहयोग पुगेको, केशी प्रदेश भरीका सवै स्थानीय निकायका न्यायीक समितिको काम कारवाही तथा निर्णय कार्यान्वयनमा एकरुपता ल्याउन सहयोग पुगेको देखियो ।

# स्थानीय तहमा कानून निर्माण प्रक्रिया तथा न्यायीक समितिको कार्यविधि सम्बन्धी

# अन्तरक्रिया तथा छलफल कार्यक्रमको प्रतिवेदन खोटाङ्ग

(२०७८/९/१८)

१. **परिचय :-** प्रदेश कानून र यसको प्रभावकारी कार्यान्वयनका लागी स्थानीय तहमा भए गरेका कानून निर्माण प्रकृया तथा न्यायीक समितिको काम एवं कार्यविधि अन्तरक्रिया छलफल गरी न्या यीक समितिले प्रचलित कानून वमोजिम उजुरीको सुरु कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि र प्रकृयाका सम्वन्धमा स्पष्टता, पारदर्शिता, कानूनी शासनमा जनविश्वासको अवधारणा कायम गर्ने गरी छलफल कार्यक्रम संचालन भएको ।

२. **पृष्ट भूमी :-** केशी प्रदेश को खोटाङ्ग जिल्लाका स्थानीय निकायको निमार्ण प्रकृया न्यायिक समितिले गर्ने कानूनी प्रयोग यसवाट हुने जन विश्वास तथा १ नं. प्रदेशका सवै न्यायीक समितिले संचालन गर्ने काम कारवाहीमा एकरुपता कायम गर्न मुख्य न्यायाधिवक्ताको कार्यालयले सकरात्मक भूमीका खेल्ने जन अपेक्षा रहेको ।

३. **उद्देश्य :-** स्थानीय निकायमा भएको विवाद न्यायिक समितिमा दर्ता गर्ने प्रकृया समाधानको उपाय, मेलमिलाप, छलफल, निर्णय गरी समाधान गर्ने विधिको सम्बन्धमा छलफल गरी प्रदेश कानून तथा संघिय कानून वमोजिम हुने कारवाही बाहेक स्थानीय न्यायीक समितिको अधिकार क्षेत्र सम्बन्धमा अन्तरक्रियाको माध्यमवाट एकरुपता कायम गर्ने ।

४. **कार्यक्रमको विषयवस्तु :-** न्यायीक समितिको कार्यविधि, अवधारणा, दृष्टीकोण प्रयोग, कार्यान्वयन पक्ष, सहभागिता मूलक अनूभव आदान प्रदान ।

५. **कार्यक्रम संचालन प्रकृया :-** मुख्य न्यायाधिवक्ताको कार्यालय केशी प्रदेश का मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ, उप-सचिव श्री कृष्णबटु भण्डारी, शा.अ. श्री नारायण प्रसाद दाहाल समेत भै कार्यक्रम संचालन गरीएकोमा उप-सचिव वाट सहजिकरण तथा मुख्य न्यायाधिवक्ता वाट सहभागिता मूलक कार्यक्रममा अध्यायन तथा छलफल संचालन गरी समापन भएको ।

६. **कार्यक्रमवाट भएको उपलब्धी :-** स्थानीय निकायमा कानूनको निर्माण प्रकृयामा सहयोग पुगेको, न्यायीक समितिका पदाधिकारी तथा संयोजकको क्षमता अभीवृद्धी तथा कानून वमोजिमको उजुरी उपर कानूनी प्रकृया अवलंवन गर्न सहज भएको, उजुरी उपर मेलमिलापको माध्यम वाट किनारा गर्ने प्रकृयाको विकास भई निर्णय कार्यान्वियनमा सहयोग पुगेको, विवाद भएको उजुरीको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्वन्धमा स्पष्टता , पारदर्शिता एवं एकरुपता कायम गर्न सहयोग पुगेको देखिएको ।

७. **गुनासो :-** स्थानीय निकायका न्यायीक समितिका पदाधिकारीहरुलाई तालिम तथा सिकाईको व्यावस्था हुनुपर्ने, कानूनी निर्माण प्रकृयामा स्थानीय तह वीच एकरुपता हुनु पर्ने, कानूनी कार्यविधि कार्यान्वयनमा सहजिकरण प्रदेश सरकारले वा संघिय सरकारले गर्नु पर्ने, निर्णय कार्यान्वयनको लागी सवै निकायले सहयोग गर्नु पर्ने ।

८. **सुझाव :-** प्रदेश १ भीत्रका सवै स्थानीय तहसंग कानूनी प्रकृयाका सम्बन्धमा छलफल हुनु पर्ने देखिएको, स्थानीय निकायमा रहेको न्यायीक समिति कृयाशिल रहेको देखिएकोमा निर्णय कार्यान्वयनको पक्ष सहज र सक्रिय हुनु पर्ने, धेरै स्थानीय निकाय संग छलफल र अन्तर क्रिया कार्यक्रमको लागि उचित वजेटको व्यवस्था हुनु पर्ने ।

९. **निष्कर्ष :-** स्थानीय निकायका न्यायीक समितिसंगको छलफल तथा अन्तर क्रिया कार्यक्रमको उपलब्धी मूलक रहि जनभावना अनुरुप विधिको शासन स्थापीत गर्न सहयोग पुगेको, केशी प्रदेश भरीका सवै स्थानीय निकायका न्यायीक समितिको काम कारवाही तथा निर्णय कार्यान्वयनमा एकरुपता ल्याउन सहयोग पुगेको देखियो ।

# कानून कार्यन्वयनमा देखा परेका समस्या र चुनौती विषयक सरोकार वालासँगको एक दिवसीय अन्तरकृया

२०७८/१२/२३

## पृष्ठभूमी

प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गर्ने, प्रदेश सरकारलाई विपक्षी बनाइएका मुद्दाको बहस पैरवी गर्ने , प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दाको पुनरावेदन गर्ने एवं प्रदेश सरकारले तोकेको अन्य अधिकारीलाई कानूनी राय प्रदान गर्ने, प्रदेश भित्रको कानूनी सचेतना बृद्धी गर्ने, कानून कार्यान्वियनको समन्वय गर्ने साथै मानव अधिकारको रक्षा र प्रवर्धन लगायतका प्रदेश सरकारमा रहेका काम, कर्तव्य र अधिकारको प्रभावकारी कार्यान्वयन गर्न प्रदेश सरकारले बनाएका कानूनहरुको वारेमा सरोकारवालालाई जानकारी दिने साथै उक्त कानूनको कार्यान्वयनको अवस्थाबारे जानकारी लिने र सोसम्बन्धी भएका चुनौतिहरु थाहा पाउन यो कार्यक्रम संचलन गर्ने तय गरीएको हो।

## १. कार्यक्रमको उदेश्य

सरोकारवाला संगको समन्वय बृद्धी गर्दै कानूनको कार्यान्वयनको क्रममा देखा परेका व्यवहारीक एवं नितिगत समस्याहरु पहिचान गर्नु रहेको थियो।

## २. कार्यक्रमको ढाँचा

कार्यक्रम २ चरणमा भएको थियो।

पहिलो चरणमा उध्घाटन सत्र संचलन भएको थियो।

जस्मा निम्न अनुसारको आतिथ्यता रहेको थियो।

दोस्रो चरणमा कार्यपत्र प्रस्तुतीकरण र छलफल भएको थियो।

कार्यपत्र प्रस्तुती निम्न अनुसार भएको थियो।

| सि.नं. | कार्यपत्र प्रस्तुत कर्ता | विषय | कैफियत |
|---|---|---|---|
| १ | प्रा. भोजराज श्रेष्ठ | कानून कार्यान्वयन सम्बन्धी समस्या र चुनौती | |
| २ | डा. मेदनी प्रसाद सेडाई | कानून कार्यान्वयनमा देखा परेको समस्या र चुनौती | |

## छलफलमा उठेका विषयहरु:

| सि.नं. | सहभागीको नाम/पद | कार्यालय | उठान भएका विषय | कैफियत |
|---|---|---|---|---|
| १ | अधिवक्ता दिपक निरौला | झापा बार | ➢ क्षेत्राधिकारको बिषयलाई ध्यान दिने कुरा<br>➢ बाल सुधार गृहका समस्या<br>➢ आयरण सुधार गर्न ध्यान दिनुपर्ने<br>➢ हिरासत अनुगमन<br>➢ भेटघाट कक्षको व्यवस्था भएपनि प्रयोगलाई व्यवस्थित गर्नुपर्ने<br>➢ थुनुवा भेट्नलाई दिईने समय कम र दुरी टाढा हुदा गोपनियता कायमगर्न समस्या छ<br>➢ न्यायिक समितिबाट कार्यबोझ घट्नुपर्नेमात्यसमा राजनीतिक पद भएकोले न्यायिक काम गर्न सकिदैन<br>➢ न्यायिक समितिबाट निर्णय भएका छैनन्<br>➢ प्रतिवादीको नाम, ठेगाना नखुल्ने अवस्था तर्फ अनुसन्धान कर्ताले ध्यान दिनुपर्ने<br>➢ म्याद तामेलीमा समस्या र मुद्दा फैसला ढिलो हुने<br>➢ संहितामा भएको दुविधा<br>➢ ११(मा) कानुन व्यवस्था अनुकुल छैन जस्तो डाका मुद्दा मा भएको व्यवस्था<br>➢ नागरिकता र विवाहको उमेर फरक फरक तोकिनुको औचित्य | |
| २ | बार अध्यक्ष श्यामानन्द चौधरी | उदयपुर बार | ➢ जबर्जस्ति कारानी मुद्दाको पिडित होस्टायल हुदा भएको सजाय र प्रतिवादीलाई क्षतिपूर्ति दिने विषय<br>➢ लागुऔषध दफा १४(क)<br>ठुलो परिणाममा सेवन गर्ने दावी नगरी ओसारपसारमा सजाय हुनु गलत छ ,<br>प्रयोगमा ध्यान दिनुपर्छ<br>➢ संहिताको फरक फरक कार्यान्वयन जस्तो फैसलाको बेला १५५ को सुविधा | |

| | | | | |
|---|---|---|---|---|
| ३ | नारायण प्रसाद दाहाल | उच्च बार | ➢ बिवाह नचाहादा नचाहादै बिबाह भै छोराछोरी भएको अवस्था हुँदा र २० बर्ष नपुगी बच्चा जनमिएकोमा जन्म दर्ता गर्न पाउनुपर्ने व्यवस्था गर्नुपर्ने ।<br>➢ अढाई दस्तुत अदालतमा र कार्यान्वयन गर्न जाँदा सम्बन्धीत कार्यालयमा समेत लिईन्छ यसलाई एक ठाउमा मात्र लिने ब्यबस्था मिलाउनुपर्ने ।<br>➢ पुनरावेदनको म्याद सरकारी वकिललाई पत्र प्राप्त भएपछी र प्रतिवादीलाई फैसला भएको मितिबाट लागु हुनु विभेदपूर्ण छ। समान हुने गरी कानून संसोधनको लागि लेखी पठाउनुपर्ने । | |
| ४ | बन्धु पोखरेल | पत्रकार | ➢ सरकारी मुद्दाको सफलताको प्रतिशत न्युन आएको देखिएकोले अभियोजन गर्दा गोलमालमा अभियोजन गर्ने प्रवृत्ति हटाउनुपर्ने। | |
| ५ | रमुना राउत | सहायक न्यायाधी बक्ता उदयपुर | ➢ ३ जना भन्दा बढीको सहभागी हुदैमा जुनसुकै मुद्दालाई डाका बनाई अभियजन गर्नुपर्न बाध्यता छ ।<br>➢ ठगी मुद्दामा १० वर्ष सम्म सजाय भनेको छ त्यसको Margin निरधारण हुँदा सजिलो हुने थियो।<br>➢ चोरी मुद्दामा चोरीको समान खरिद गर्नेलाई चेर्नेलाई भन्दा बढी सजाय हुनु ब्यबहारीक देखिदैन ।<br>➢ आर्महत्या दुरुत्साहन के गरेमा हुने भन्ने प्रस्ट कानूनी व्यवस्था नभएको हुँदा त्यसलाई प्रस्ट पार्न ध्यान दिनुपर्ने। | |
| ६ | मिलन दाहाल | मालपोत अधिकृत | ➢ कार्यालय समस्या आउछन र निकाएका लागि लेखिन्छ ।<br>➢ १६ वर्षमा नागरिकता र जग्गा लिलाम गर्न १८ वर्ष सम्म कुर्नुपर्ने ।<br>➢ Bank Payment नलिई कारोवारलाई अधिकृत वारेशलाई जारी गर्दा उपयुक्त हुन्छ ।<br>➢ वडाको सिफारिसको आधारमा मुल्याङ्कन भएकोमा मालपोतको | |

| | | | | |
|---|---|---|---|---|
| ७ | नरेन्द्र प्रसाद गुरगाई | सहायक वन अधिकृत | ➢ प्रदेशवन ऐन छैन ।<br>➢ संघिय वन नियमावली छैन ।<br>➢ DFO ले हेर्ने मुद्दा सानो Volume को मुद्दामा सवै राख्नु पर्ने ।<br>➢ कानून व्यवहारीक छैनन ।<br>➢ IEE विना विकास<br>➢ कर्मचारीहरुको Chain Gap धेरै हुनु ।<br>➢ वन अतिक्रमण हुदै पथरी, वेलवारी<br>➢ साना मुद्दामा डिभिजन वन कार्यालयलाई दिनुपर्छ ।<br>जस्तो<br>१. अतिक्रमण हटाउन ३ वटै तहका सरकारले समन्वय गर्नुपर्ने ।<br>२. कानून वनाउने तहमै सोचेर । | |
| ८ | नवराज पोखरेल | झापा जिल्ला अधिकृत (शाखा अधिकृत) | अंश मुद्दा :<br>➢ निवेदनमा कोर्ट फि लिने गरेको ।<br>वारेशनामामा :-<br>सिदा खर्च दाखेल गरेपछी :-<br>➢ चेक अनादरमा कोर्ट फि छैन ।<br>(२२ नं.)<br>दुरुतसहान मुद्दामा :- यो यो गरे भनी मापदण्ड तथार गर्नु पर्ने | |
| ९ | यामकुमार खड्का | विराटनगर | आफ्नो दायित्वबाट बिमुख हुनु हुदैन । | |
| १० | नवराजढुंगाना | प्र.ना.उ. | ➢ कर्मचारी न्युन हुनु, कर्मचारी उत्प्रेरीत नहुनु,<br>➢ Pre-Bargaining को ब्यबस्थाको प्रयोग गर्न सकेको छैन ।<br>➢ CDR को समस्याः- शुक्रवार कोही मानिस हराएमा अनुसन्धान समस्या भएकोले विदाको दिनपनी CDR पाउने व्यवस्था हुनुपर्ने ।<br>➢ बहुबिबाहमा सजाय काटेपछी पुन सँगै बसेको अबस्थामा के गर्ने भन्ने अन्यौल भएको छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ➢ केही मुद्दाहरुमा अनुसन्धानको म्याद २५ दिन छोटो | |
| ११ | रामहरी शर्मा काफ्ले | जिल्ला सरकारी वकिल कार्यालय मोरङ | ➢ कानून कार्यान्वयनमा समन्वय<br>➢ कानून निर्माण प्रकृया गलत<br>जस्तोः- फौजदारी कानूनको लागी अध्यादेशबाट कार्यान्वयन हुदैन । | |
| १२ | प्राध्यापक भोजराज श्रेष्ठ | मुख्य न्यायाधिबक्ता, केशी प्रदेश | ➢ कानून बनाउँदा हदम्याद, क्षेत्राधिकार र दण्डको प्रावधानलाई ध्यान दिनुपर्ने । | उठेका सवालहरुको जवाफ समेत दिनुभएको |

## कार्यक्रमबाट समग्रमा देखिएका समस्या / चुनौतीहरुः

१. प्रतिवादीको नाम, ठेगाना र पहिचान गर्न समस्या भई जरिवाना र कैद असुली प्रभावकारी हुन नसक्नु ।
२. स्थानिय तहबाट भएको निर्णय कार्यान्वयन गर्ने संयन्त्र नहुनु ।
३. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ बमोजिम पाउने सुविधामा मुद्दाको बर्गिकरण नभएको ।
४. केही मुद्दाहरुमा लोभ, प्रलोभन अनावश्यक दवाव एवं राजनितिक हस्तक्षेप हुने गरेको ।
५. उचित र पर्याप्त बजेटको अभाव हुँदा कार्यसम्पादन एवं व्यवस्थापनमा समस्या हुने गरको ।

**कानूनमा गर्नुपर्ने सुधारहरुः**

१. कानूनको निर्माण, कानून बमोजिमको अनुसन्धान, अभियोजन
२. कानूनी एकरुपता कायम गर्न प्रदेशमा कानून निर्माण समिति बनाई त्यसमा मुख्य न्यायाधिबकता कार्यालयोको प्रतिनिधि समेतको उपस्थितलाई अनिवार्य गरी पुर्ण कानून बनाउने परिपाटीको बिकास गर्नुपर्ने।
३. कानून निर्माण र कार्यान्वयनको क्रममा आवश्यक जनशक्तीलाई तालिमबाट शशक्तिकरण गर्दै कानून कार्यान्वयनको क्षमता अभिबृद्धी गर्नुपर्ने।

४. कानून निर्माण र कार्यान्वयनको संरचनात्मक क्षमताको विकास हुनुपर्ने।

५. कानून बन्ने क्रममा स्थानिय तहले बनाउने कानूनको मस्यौंदा गर्ने, पारित गर्ने र त्यसको प्रमाणित गर्ने काम स्थानिय तहबाटै हुने गरेकोमा आवश्यकता अनुसार स्थानिय तहले पुरानो मितिको कानून बनाई प्रमाणित गरि लागू गर्ने खतरा रहेकोले त्यसलाई नियन्त्रण गर्न स्थानिय तहबाट बनेका कानूनको प्रमाणिकरण जिल्ला समन्वय समितिबाट हुने गरी व्यवस्था गर्न नितिगत निर्णय हुनुपर्ने।

६. वन मुद्दाको सजाय गर्ने अधिकारको दायरालाई बृद्दी गरी जिल्ला वन अधिकृतलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने।

## २.५ समन्वय

नेपालको संविधान धारा १६० (१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ताको कार्यालय रहनेछ भन्ने उल्लेख भएको साथै सोही धाराको उपधारा (६) मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने व्यवस्था छ ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ मा महान्यायाधिवक्ताले मुख्य न्यायाधिवक्तालाई संविधान र प्रचलित प्रदेश कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाव वा मार्ग निर्देशन दिन सक्ने छ। उक्त निर्देशनको पालना गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था छ । उल्लेखित संविधान तथा ऐनमा भएका प्रावधानहरुबाट यी दुई संवैधानिक निकायहरु बीच आपसी समन्वय र सहकार्यको माध्यमबाट यी दुई संवैधानिक निकाय बीच समधुर सम्बन्ध सिर्जना भइ कार्य सम्पादन गरिरहेको अवस्था छ ।

## २.६ मूख्य न्यायाधिवक्ताको अन्य भूमिका

१. **समन्वय समितिको संयोजक :** फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ३८ को उपदफा (२) मा प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश कानून मन्त्रालयको सचिव, प्रदेश गृह मन्त्रालयको सचिव, प्रदेश प्रहरी प्रमुख, समेत रहेको प्रदेश प्रोवेशन तथा प्यारोल वोर्ड गठन हुने व्यवस्था छ ।

२. **कानूनको मसौदा समितिको सदस्य** : प्रदेश न.१ को कानून मसौदा समितिमा मुख्य न्यायाधिवक्तालाई कानूनको विशेषज्ञको रुपमा समितिमा राख्ने निर्णय मन्त्रिपरिषदबाट भएको छ ।

## अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम

## भ्रमणको प्रतिवेदन

कार्यक्रम संचालन भएको स्थान : मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश, जनकपुर
कार्यक्रम संचालन भएको मिति : २०७९ ।२।३०
कार्यक्रम संयोजक : माननीय मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ
कार्यक्रम संचालक : उप-न्यायाधिवक्ता श्री केशव प्रसाद पन्त
टिप्पणीकर्ता : सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल
प्रतिवेदन सहयोगी : सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल

<u>कार्यक्रममा सहभागी</u>

1. माननीय मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी, प्रदेश
2. उप-न्यायाधिवक्ता श्री केशवप्रसाद पन्त, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी, प्रदेश
3. सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी, प्रदेश
4. सहायक न्यायाधिक्ता श्री दिपेन्द्र दनुवार, मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश
5. लेखा अधिकृत श्री चेतनाथ न्यौपाने, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी, प्रदेश
6. लेखा अधिकृत श्री तुलसी प्रसाद पोखरेल, मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश
7. कम्प्यूटर अपरेटर श्री इम्रान दवारी, मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश
8. कम्प्यूटर अपरेटर श्री मधु सुदन नेपाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी, प्रदेश
9. ह.स.चा. श्री संजिव कुमार कटवाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी, प्रदेश
10. ह.स.चा. श्री गोविन लिम्वु, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी, प्रदेश
11. का.स. श्री चन्द्र दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी, प्रदेश

### १. परिचय

प्रदेश कानून र यसको प्रभावकारी कार्यन्वयन लागि मुख्य न्यायाधिवक्ताको महत्त्वपूर्ण भूमिका हुने प्रदेश सरकारको मुख्य कानूनी सल्लाकारको रुपमा रहेको मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हकहित र सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्तावाट प्रदेश सरकारको प्रतिनिधित्व हुने व्यवस्था रहेको छ । प्रदेश सरकार पक्ष वा विपक्ष भै दायर भए गरिएका मुद्दाहरुको प्रतिरक्षा गर्ने प्रमुख भूमिकामा रहेको मुख्य न्यायाधिवक्ताले नेपालका अन्य प्रदेशहरुमा भए गरेका कार्य प्रगती एंव आफ्नो कार्यालयले गरेका कार्यहरुको सामुहिक छलफल गरी

नेपाल भरीकै कानूनी प्रतिरक्षा प्रणालीमा र कानून निर्माण प्रक्रियामा एकरुपता ल्याउने उद्देश्यका साथ अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम संचालन भ्रमण मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेश जनकपुरमा सम्पन्न भएको छ ।

## २. पृष्ठभूमि

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी, प्रदेश विराटनगर वाट भएका प्रदेश सरकार पक्ष वा विपक्ष भएका मुद्दाहरुको प्रतिरक्षा प्रणाली, कानून निर्माण प्रक्रिया र निर्णय कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरु लाई सहज समाधानका लागि भए गरेका प्रयास र मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेश वाट भएको मुद्दा प्रतिरक्षा प्रणाली, निर्णय कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु वारे दुवै मुख्य न्यायाधिवक्ताको कार्यालयको अनुभव आदान प्रदान भई समस्या र चुनौती लाई समाधानका लागि एकरुपता ल्याउने प्रयास भएको छ ।

## ३. देखिएका समस्या

मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताले के कस्तो कार्य गर्दछ भन्ने वारेमा आमजनताले जानकारी प्राप्त गरेको नदेखिएको, मुख्य न्यायाधिवक्ताको प्रदेश क्षेत्र अन्तरगत चल्ने फौजदारी मुद्दाहरुको अभियोग गर्ने वा नगर्ने भन्ने अधिकारको सम्वैधानिक स्पष्टता हुन नसकेको , निर्माण भएका प्रदेश कानूनहरुमा दण्ड सजायको व्यवस्था भए पनि कार्यविधिको अभाव भएको, हुदा सजाय गर्न सक्ने वातावरण नभएको, कानून कार्यन्वयनमा कठिनाई देखिएको, मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकिल र कर्मचारी हरुको दरवन्दी अनुसार पदपूर्ति नभएको । प्रदेश कानून सहायता अधिकृतको लागि निर्देशिका पेश भए पनि स्वीकृत भै नसकेको, कार्यालयमा प्राप्त हुने लिखित जवाफमा एकरुपता नदेखिएको ।

## ४. समस्या समाधानका उपाय

संघिय शासन व्यावस्थालाई आत्मासाथ गर्दै मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश सरकार प्रति पूर्णरुपमा उत्तरदायी रहि प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्षम निकायका रुपमा विकास गर्नका लागि मुख्य न्यायाधिवक्ता, महान्यायाधिवक्ताको मातहतमा रहने संवैधानिक व्यवस्थाको पूनरविचार गर्नु पर्ने, प्रदेश क्षेत्र अन्तरगत प्रदेश सरकार वाट निर्माण भएका कानूनमा भएको दण्ड सजायको व्यावस्थालाई सुदृढ गर्न मुख्य न्यायाधिवक्तालाई अभियोजनको लागि उपयुक्त कार्यविधि निर्माण गर्नु पर्ने, मुख्य न्यायाधिवक्ताको कार्यालयमा स्वीकृत दरवन्दी अनुसारको सरकारी वकिलको व्यवस्था हुनुपर्ने प्रदेश कानून सहायता अधिकृतको नियुक्ति प्रचलित कानून बमोजिमको प्रक्रिया

अपनाई छनौट गरि मुख्य न्यायाधिवक्ताको कार्यालयवाट मुद्दा हेर्नको लागि खटाउन सकिने व्यवस्था हुनुपर्ने । फौजदारी न्याय प्रणालीमा मुख्य न्यायाधिवक्ताको समन्वयात्मक भूमिका रहनु पर्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ) ऐन, २०७४ को दफा ३८ (२) मा व्यावस्था भए अनुसारको प्रोवेसन र प्यारोल वोर्डको स्थापना र कार्यन्वयनको लागि तत्काल कार्यविधि निर्धारण गरी मुख्य न्यायाधिवक्तावाट प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षण हुनु पर्ने ।

५. **निष्कर्ष**

मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेशले सर्वोच्च अदालत र आफु रहे वसेको कार्यालय वाहेकका अन्य अदालतमा परेका प्रदेश सरकार पक्ष वा विपक्ष भएका मुद्दाहरुको प्रतिरक्षा गर्ने उद्देश्यका साथ प्रदेश कानून सहायता अधिकृत नियुक्ति गरी तत तत स्थानमा मुद्दा हेर्ने गरी तोकेको अवस्था विद्यमान देखिएकोमा उक्त कार्य सफल देखिएको,पाईएको हुदा मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी, प्रदेश वाट पनि मुद्दा हेर्ने प्रयोजनका लागि कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका वनाई प्रदेश सरकारमा स्वीकृतीका लागि पठाइएको, उक्त निर्देशिका स्वीकृती भएमा मुद्दा प्रतिरक्षा प्रणाली थप सुद्दढ हुने, मुख्य न्यायाधिवक्ताको कार्यालय स्थायी प्रकृतीको कार्यालय हुने भएकोले सो को भौतीक संरचना तन्दुरुस्त हुनु पर्ने स्थानीय तहमा रहने न्यायीक समिती संग मुख्य न्यायाधिवक्ताको समन्वयात्मक भूमिका वारे कानूनी स्पष्टता हुनु पर्ने ।

| **प्रतिवेदन सहयोगी** | **प्रतिवेदन कर्ता** | **प्रतिवेदक** |
|---|---|---|
| ............................ | ................................ | .......................... |
| नारायण प्रसाद दाहाल | केशव प्रसाद पन्त | प्रा. भोजराज श्रेष्ठ |
| सहायक न्यायाधिवक्ता | उप न्यायाधिवक्ता | माननीय मुख्य न्यायाधिवक्ता |
| मुख्य न्यायाधिवक्ताको कार्यालय, | मुख्य न्यायाधिवक्ताको कार्यालय, | मुख्य न्यायाधिवक्ताको कार्यालय, |
| कोशी प्रदेश, विराटनगर | कोशी प्रदेश, विराटनगर | कोशी प्रदेश , विराटनगर |

## अन्तर प्रदेश अनूभव आदान प्रदान कार्यक्रम भ्रमणको प्रतिवेदन

कार्यक्रम संचालन भएको स्थान : मुख्य न्यायाधिवक्ताको कार्यालय, लुम्बिनी प्रदेश, बुटवल
कार्यक्रम संचालन भएको मिति : २०७९ ।२।३१
कार्यक्रम संयोजक : माननीय मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ
कार्यक्रम संचालक : उप-न्यायाधिवक्ता श्री केशव प्रसाद पन्त
टिप्पणीकर्ता : लेखा अधिकृत श्री चेतनाथ न्यौपाने
कार्यक्रम सहयोगी : सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल

कार्यक्रममा सहभागी

1. माननीय मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
2. माननीय मुख्य न्यायाधिवक्ता श्री कृष्ण सुबेदी, मुख्य न्यायाधिवक्ताको कार्यालय, लुम्बिनी प्रदेश
3. उप-न्यायाधिवक्ता श्री केशवप्रसाद पन्त, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
4. उप-न्यायाधिवक्ता श्री हरिहर पौडेल, मुख्य न्यायाधिवक्ताको कार्यालय, लुम्बिनी प्रदेश
5. सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
6. सहायक न्यायाधिक्ता श्री विमल प्रसाद न्यौपाने , मुख्य न्यायाधिवक्ताको कार्यालय, लुम्बिनी प्रदेश
7. लेखा अधिकृत श्री चेतनाथ न्यौपाने, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
8. लेखापाल श्री नेत्र बहादुर कुँवर, मुख्य न्यायाधिवक्ताको कार्यालय, लुम्बिनी प्रदेश
9. कम्प्यूटर अपरेटर श्री मधु सुदन नेपाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
10. सहायक पाँचौ श्री महेन्द्र प्रसाद चौधरी, मुख्य न्यायाधिवक्ताको कार्यालय, लुम्बिनी प्रदेश
11. ह.स.चा. श्री संजिव कुमार कटवाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
12. ह.स.चा. श्री गोविन लिम्वु, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
13. का.स. श्री चन्द्र दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश

### ६. परिचय

प्रदेश कानून र यसको प्रभावकारी कार्यन्वयन लागि मुख्य न्यायाधिवक्ताको महत्त्वपूर्ण भूमिका हुने प्रदेश सरकारको मुख्य कानूनी सल्लाकारको रुपमा रहेको मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हकहित र सरोकार निहित रहेको मुद्दामा मुख्य

न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्तावाट प्रदेश सरकारको प्रतिनिधित्व हुने व्यवस्था रहेको छ । प्रदेश सरकार पक्ष वा विपक्ष भै दायर भए गरिएका मुद्दाहरुको प्रतिरक्षा गर्ने प्रमुख भूमिकामा रहेको मुख्य न्यायाधिवक्ताले नेपालका अन्य प्रदेशहरुमा भए गरेका कार्य प्रगती एंव आफ्नो कार्यालयले गरेका कार्यहरुको सामुहिक छलफल गरी नेपाल भरीकै कानूनी प्रतिरक्षा प्रणालीमा र कानून निर्माण प्रक्रियामा एकरुपता ल्याउने उद्देश्यका साथ अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम संचालन भ्रमण मुख्य न्यायाधिवक्ताको कार्यालय लुम्बिनी प्रदेश बुटवलमा सम्पन्न भएको छ ।

७. **पृष्ठभूमि**

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश विराटनगर वाट भएका प्रदेश सरकार पक्ष वा विपक्ष भएका मुद्दाहरुको प्रतिरक्षा प्रणाली, कानून निर्माण प्रक्रिया र निर्णय कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरु लाई सहज समाधानका लागि भए गरेका प्रयास र मुख्य न्यायाधिवक्ताको कार्यालय लुम्बिनी प्रदेश वाट भएको मुद्दा प्रतिरक्षा प्रणाली , निर्णय कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु वारे दुवै मुख्य न्यायाधिवक्ताको कार्यालयको अनुभव आदान प्रदान भई समस्या र चुनौती लाई समाधानका लागि एकरुपता ल्याउने प्रयास भएको छ

८. **देखिएका समस्या**

मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताले के कस्तो कार्य गर्दछ भन्ने वारेमा आमजनताले जानकारी प्राप्त गरेको नदेखिएको, मुख्य न्यायाधिवक्ताको प्रदेश क्षेत्र अन्तरगत चल्ने फौजदारी मुद्दाहरुको अभियोग गर्ने वा नगर्ने भन्ने अधिकारको संवैधानिक स्पष्टता हुन नसकेको , निर्माण भएका प्रदेश कानूनहरुमा दण्ड सजायको वयवस्था भए पनि कार्यविधिको अभाव भएको, हुदा सजाय गर्न सक्ने वातावरण नभएको, कानून कार्यन्वयनमा कठिनाई देखिएको, मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारी र सरकारी वकिलको दरवन्दी अनुसार पदपूर्ति नभएको । प्रदेश कानून सहायता अधिकृतको लागि निर्देशिका पेश भए पनि स्वीकृत भै नसकेको, कार्यालयमा प्राप्त हुने लिखित जवाफमा एकरुपता नदेखिएको साथै नेपालको संविधान बमोजिम प्राप्त जिम्मेवारी मुख्य न्यायाधिवक्ता र मातहत सरकारी वकिलले प्रदेश सरकारको यक्ष कार्यहरु गरि रहेको छ, उक्त कार्य सम्पादन गर्दा विभिन्न प्रकारका समस्या झेल्नु परेको यथार्थ ढाकछोप हुन सक्दैन जस्तै भौतिक पूर्वाधारको कमि, कार्य सम्पादन वातावारणको अभाव, जनशक्तिको पदपूर्ति, व्यवस्थापन र चुनौती, प्रदेशका सरकारी निकायहरु संगको समन्वयमा जटिलता, विविध कारणले मुद्दा फर्स्योटमा ढिलाई जस्ता विषयहरुको सामुहिक

समस्या समाधानको प्रयास गर्ने वातावरण मिलाउन सहज हुने अपेक्षा सहित अन्तर प्रदेश अनुभाव आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

९. **समस्या समाधानका उपाय र निष्कर्ष**

संघीय शासन व्यवस्थालाई आत्मसाथ गर्दै मुख्य न्यायाधिवाक्ताको कार्यालय प्रदेश सरकार प्रति पूर्ण उत्तरदायी रही प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्षम  निकायका रुपमा विकास गर्नका लागि मुख्य न्यायाधिवाक्ताका लाइ महान्यायाधिवक्ताको मातहतमा रहने संवैधानिक व्यवस्थाको पुनर्विचार हुनुपर्ने, प्रदेश सरकारबाट निर्माण भएका कानुनमा भएको दण्ड सजाएको व्यवस्थालाई सुदृढ गर्न मुख्य न्यायाधिवक्ता लाई अभियोजन गर्ने उपयुक्त कार्यविधि तयार गर्नुपर्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ मा व्यवस्था भए अनुसारको प्रोवेशन र प्यारोल बोर्डको स्थापना र कार्यान्वयनका लागि कार्यविधि निर्धारण गरि मुख्य न्यायाधिवक्ता बाट प्रतक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षण हुनुपर्ने साथै मुख्य न्यायाधिवक्ताको कार्यालयमा स्वीकृत दरवन्दी अनुसारको वकीलको पदपूर्ति हुनुपर्ने, प्रदेश सरकारका निकायवाट प्राप्त हुने लिखित जवाफमा एकरुपता हुनुपर्ने सो को लागि मुख्य न्यायाधिवक्ताले पहल गरी प्रशिक्षण दिनुपर्ने, सरकारी वाकीलहरुलाई सक्षम बनाउनका लागि तालिमको व्यवस्था गर्नुपर्ने उक्त अवस्था भएमा नेपाल भरिकै कानूनी प्रशासन र प्रतिरक्षा प्रणाली सुदृढ हुने समेतका विषयमा छलफल गरि अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरियो ।मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश वाट पनि मुद्दा हेर्ने प्रयोजनका लागि कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका वनाई प्रदेश सरकारमा स्वीकृतीका लागि पठाइएको, उक्त निर्देशिका स्वीकृती भएमा मुद्दा प्रतिरक्षा प्रणाली थप सुदृढ हुने, मुख्य न्यायाधिवक्ताको कार्यालय स्थायी प्रकृतीको कार्यालय हुने भएकोले सो को भौतीक संरचना तन्दुरुस्त हुनु पर्ने स्थानीय तहमा रहने न्यायीक समिती संग मुख्य न्यायाधिवक्ताको समन्वयात्मक भूमिका वारे कानूनी स्पष्टता हुनुपर्ने ।

| **प्रतिवेदन सहयोगी** | **प्रतिवेदन कर्ता** | **प्रतिवेदक** |
|---|---|---|
| ............................ | ............................... | .......................... |
| नारायण प्रसाद दाहाल | केशव प्रसाद पन्त | प्रा. भोजराज श्रेष्ठ |
| सहायक न्यायाधिवक्ता | उप न्यायाधिवक्ता | माननीय मुख्य न्यायाधिवक्ता |
| मुख्य न्यायाधिवक्ताको कार्यालय, | मुख्य न्यायाधिवक्ताको कार्यालय, | मुख्य न्यायाधिवक्ताको कार्यालय, |
| कोशी प्रदेश, विराटनगर | कोशी प्रदेश, विराटनगर | कोशी प्रदेश , विराटनगर |

# अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम भ्रमणको प्रतिवेदन

कार्यक्रम संचालन भएको स्थान : मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश, पोखरा
कार्यक्रम संचालन भएको मिति : २०७९ ।३।२
कार्यक्रम संयोजक : माननीय मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ
कार्यक्रम संचालक : उप-न्यायाधिवक्ता श्री केशव प्रसाद पन्त
टिप्पणीकर्ता : सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल
कार्यक्रम सहयोगी : सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल

कार्यक्रममा सहभागी

1. माननीय मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ, मुख्य न्यायाधिवक्ताको कार्यालय, केशी प्रदेश
2. माननीय मुख्य न्यायाधिवक्ता श्री रोहित राज बास्तोला, मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश
3. उप-न्यायाधिवक्ता श्री केशवप्रसाद पन्त, मुख्य न्यायाधिवक्ताको कार्यालय, केशी प्रदेश
4. सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, केशी प्रदेश
5. सहायक न्यायाधिक्ता श्री शान्तिदेवी शर्मा, मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश
6. अधिकृत छैटौं श्री सूर्य प्रसाद लम्साल, मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश
7. लेखा अधिकृत श्री चेतनाथ न्यौपाने, मुख्य न्यायाधिवक्ताको कार्यालय, केशी प्रदेश
8. लेखा अधिकृत श्री प्रकाश शर्मा, मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश
9. कम्प्यूटर अपरेटर श्री मधु सुदन नेपाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, केशी प्रदेश
10. कम्प्युटर अपरेटर श्री सुजा गुरुङ, मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश
11. ह.स.चा. श्री संजिव कुमार कटवाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, केशी प्रदेश
12. ह.स.चा. श्री गोविन लिम्बु, मुख्य न्यायाधिवक्ताको कार्यालय, केशी प्रदेश
13. का.स. श्री चन्द्र दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, केशी प्रदेश

## १. परिचय

प्रदेश कानून र यसको प्रभावकारी कार्यन्वयन लागि मुख्य न्यायाधिवक्ताको महत्त्वपूर्ण भूमिका हुने प्रदेश सरकारको मुख्य कानूनी सल्लाकारको रुपमा रहेको मुख्य न्यायाधिवक्ताले प्रदेश

सरकारको हकहित र सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्तावाट प्रदेश सरकारको प्रतिनिधित्व हुने व्यवस्था रहेको छ । प्रदेश सरकार पक्ष वा विपक्ष भै दायर भए गरिएका मुद्दाहरुको प्रतिरक्षा गर्ने प्रमुख भूमिकामा रहेको मुख्य न्यायाधिवक्ताले नेपालका अन्य प्रदेशहरुमा भए गरेका कार्य प्रगती एंव आफ्नो कार्यालयले गरेका कार्यहरुको सामुहिक छलफल गरी नेपाल भरीकै कानूनी प्रतिरक्षा प्रणालीमा र कानून निर्माण प्रक्रियामा एकरुपता ल्याउने उद्देश्यका साथ अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम संचालन भ्रमण मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश पोखरामा सम्पन्न भएको छ ।

## २. पृष्ठभूमि

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशीविराटनगर वाट भएका प्रदेश सरकार पक्ष वा विपक्ष भएका मुद्दाहरुको प्रतिरक्षा प्रणाली, कानून निर्माण प्रक्रिया र निर्णय कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरु लाई सहज समाधानका लागि भए गरेका प्रयास र मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश वाट भएको मुद्दा प्रतिरक्षा प्रणाली , निर्णय कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु वारे दुवै मुख्य न्यायाधिवक्ताको कार्यालयको अनुभव आदान प्रदान भई समस्या र चुनौती लाई समाधानका लागि एकरुपता ल्याउने प्रयास भएको छ ।

## ३. देखिएका समस्या र समाधानका उपायहरु

नेपालको संविधान बमोजिम मुख्य न्यायाधिवक्तालाइ प्राप्त जिम्मेवारी बमोजिम प्रदेश सरकारको पक्षमा मुख्य न्यायाधिवक्ता र मातहत सरकारी वाकीलले कार्य गरिरहेको छ सो कार्य गर्न विभिन्न प्रकारका समस्याहरु झेल्नुपरेको यथार्थ ढाकछोप हुन सक्दैन जस्तै भौतिक पूर्वाधारको कमी, कार्य सम्पादन वातावरणको अभाव, जनशक्ति व्यवस्थापनमा चुनौती, प्रदेशका सरकारी निकायहरु संगको समन्वयमा जटिलता, प्रतिरक्षा प्रणालीमा एकरुपता नहुने, लिखित जवाफमा एकरुपता नदेखिनु, विविध कारणले मुद्दा फर्स्योटमा ढिलाई जस्ता विषयवस्तु रहे पनि आ-आफ्नु कमी कमजोरी हटाइ आफ्नो जिम्मेवारी पुरा गर्न उद्दत हुन सकेमा प्रदेश सरकारको कानूनी सल्लाहाकारको भूमिकामा मुख्य न्यायाधिवक्ताको प्रभावकारितालाई बढावा दिन सकिन्छ जसको सेवा प्रदेश सरकार र यहाका जनताका लागि अपरिहार्य रहेको छ । प्रदेश कानून र यसको प्रभावकारी कार्यान्वयनका लागि मुख्य न्यायाधिवक्ताको महत्वपुर्ण भूमिका हुने, यसमा प्रदेश सरकारको हकहित र सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवाक्ताहरु बाट प्रदेश सरकारको प्रतिनिधित्व हुने व्यवस्था बमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भै दायर भए

गरिएका मुद्दाहरुको प्रतिरक्षा गर्ने प्रमुख भूमिका रहेकोमा मुख्य न्यायाधिवक्ताले नेपालका अन्य प्रदेशहरुमा भए गरेका कार्य प्रगति एवं आफ्नो कार्यालयले गरेका कार्यहरुको बारेमा सामुहिक छलफल गरि कानूनी प्रतिरक्षा प्रणाली, कानून निर्माण प्रकृया, निर्णय कार्यान्वयन पद्दतिको बारेमा नेपाल भरी नै एकरुपता ल्याउने उदेश्यका साथ अन्तर प्रदेश अनुभव आदानप्रदान कार्यक्रम गण्डकी प्रदेशको कार्यालय पोखरामा सम्पन्न भएको छ ।

## ४. निष्कर्ष

मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ता प्रदेश सरकार प्रति पूर्ण रुपमा उत्तरदायी रही प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्षम निकायको रुपमा विकास गर्नका लागि मुख्य न्यायाधिवक्ता  लाई महान्यायाधिवक्ताको मातहतमा रहने संवैधानिक व्यवस्था पुनर्विचार गर्नु पर्ने, प्रदेश सरकार बाट निर्माण भएका कानूनी दण्ड सजायको व्यवस्थालाई सुदृध गर्न मुख्य न्यायाधिवक्ताबाट अभियोजन हुनेगरी कार्यविधि तयार हुनुपर्ने, स्वीकृत दरबन्दी अनुसारका सरकारी वकिलको पदपूर्ति वा प्रदेश कानुनी साहायता अधिकृतको नियुक्ति मुख्य न्यायाधिवक्ताबाट गरि मुद्दा हेर्नका लागि खटाउन सकिने व्यवस्था हुनु पर्ने, मुद्दा हेर्ने प्रयोजनका लागि कानुन व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका बन्नु पर्ने, जस्ता विषयमा छलफल गरि अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

| प्रतिवेदन सहयोगी | प्रतिवेदन कर्ता | प्रतिवेदक |
|---|---|---|
| ............................ | ............................... | .......................... |
| नारायण प्रसाद दाहाल | केशव प्रसाद पन्त | प्रा. भोजराज श्रेष्ठ |
| सहायक न्यायाधिवक्ता | उप न्यायाधिवक्ता | माननीय मुख्य न्यायाधिवक्ता |
| मुख्य न्यायाधिवक्ताको कार्यालय, | मुख्य न्यायाधिवक्ताको कार्यालय, | मुख्य न्यायाधिवक्ताको कार्यालय, |
| कोशी प्रदेश, विराटनगर | कोशी प्रदेश, विराटनगर | कोशी प्रदेश , विराटनगर |

# अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम भ्रमणको प्रतिवेदन

कार्यक्रम संचालन भएको स्थान : मुख्य न्यायाधिवक्ताको कार्यालय, बाग्मती प्रदेश, हेटौडा
कार्यक्रम संचालन भएको मिति : २०७९ ।३।३
कार्यक्रम संयोजक : माननीय मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ
कार्यक्रम संचालक : उप-न्यायाधिवक्ता श्री केशव प्रसाद पन्त
टिप्पणीकर्ता : उप-न्यायाधिवक्ता श्री केशवप्रसाद पन्त
कार्यक्रम सहयोगी : सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल

कार्यक्रममा सहभागी

1. माननीय मुख्य न्यायाधिवक्ता श्री भोजराज श्रेष्ठ, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
2. माननीय मुख्य न्यायाधिवक्ता श्री श्याम नारायण श्रेष्ठ , मुख्य न्यायाधिवक्ताको कार्यालय, बाग्मती प्रदेश
3. उप-न्यायाधिवक्ता श्री केशवप्रसाद पन्त, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
4. उप-न्यायाधिवक्ता श्री डा. सूर्य प्रसाद पौडेल, मुख्य न्यायाधिवक्ताको कार्यालय, बाग्मती प्रदेश
5. सहायक न्यायाधिवक्ता श्री नारायण प्रसाद दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
6. सहायक न्यायाधिक्ता श्री जगत बहादुर बोहरा, मुख्य न्यायाधिवक्ताको कार्यालय, बाग्मती प्रदेश
7. लेखा अधिकृत श्री चेतनाथ न्यौपाने, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
8. लेखापाल श्री भिष्मराज चौलागाई, मुख्य न्यायाधिवक्ताको कार्यालय, बाग्मती प्रदेश
9. कम्प्यूटर अपरेटर श्री मधु सुदन नेपाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
10. कम्प्युटर अपरेटर श्री अर्जुन गड्तौला, मुख्य न्यायाधिवक्ताको कार्यालय, बाग्मती प्रदेश
11. ह.स.चा. श्री संजिव कुमार कटवाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
12. ह.स.चा. श्री गोविन लिम्बु, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
13. का.स. श्री चन्द्र दाहाल, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश
14. का.स. श्री अमृत बड्तौला, मुख्य न्यायाधिवक्ताको कार्यालय, बाग्मती प्रदेश

## ५. परिचय

प्रदेश कानून र यसको प्रभावकारी कार्यन्वयन लागि मुख्य न्यायाधिवक्ताको महत्त्वपूर्ण भूमिका हुने प्रदेश सरकारको मुख्य कानूनी सल्लाकारको रुपमा रहेको मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हकहित र सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्तावाट प्रदेश सरकारको प्रतिनिधित्व हुने व्यवस्था रहेको छ । प्रदेश सरकार पक्ष वा विपक्ष भै दायर भए गरिएका मुद्दाहरुको प्रतिरक्षा गर्ने प्रमुख भूमिकामा रहेको मुख्य न्यायाधिवक्ताले नेपालका अन्य प्रदेशहरुमा भए गरेका कार्य प्रगती एंव आफ्नो कार्यालयले गरेका कार्यहरुको सामुहिक छलफल गरी नेपाल भरीकै कानूनी प्रतिरक्षा प्रणालीमा र कानून निर्माण प्रक्रियामा एकरुपता ल्याउने उद्देश्यका साथ अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम संचालन भ्रमण मुख्य न्यायाधिवक्ताको कार्यालय बाग्मती प्रदेश हेटौडामा सम्पन्न भएको छ ।

## ६. पृष्ठभूमि

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश विराटनगर वाट भएका प्रदेश सरकार पक्ष वा विपक्ष भएका मुद्दाहरुको प्रतिरक्षा प्रणाली, कानून निर्माण प्रक्रिया र निर्णय कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरु लाई सहज समाधानका लागि भए गरेका प्रयास र मुख्य न्यायाधिवक्ताको कार्यालय बाग्मती प्रदेश वाट भएको मुद्दा प्रतिरक्षा प्रणाली , निर्णय कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु वारे दुवै मुख्य न्यायाधिवक्ताको कार्यालयको अनुभव आदान प्रदान भई समस्या र चुनौती लाई समाधानका लागि एकरुपता ल्याउने प्रयास भएको छ ।

## ७. देखिएका समस्या र समाधानका उपायहरु

प्रदेश कानून र यसको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारको मुख्य न्यायाधिवक्ताको महत्वपूर्ण भूमिका हुने विषयमा द्विविधा नरहेको प्रदेश सरकारको कानूनी सल्लाहाकारको रुपमा रहेको मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हक हित र सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताहरु बाट प्रदेश सरकारको प्रतिनिधित्व व्यवस्था रहेको छ । प्रदेश सरकार पक्ष वा विपक्ष भै दायर भए गरीएको मुद्दाहरुको प्रतिरक्षा गर्ने प्रमुख भूमिकामा रहेको मुख्य न्यायाधिवक्ताले नेपालका अन्य प्रदेशमा भए गरेका कार्य प्रगति एवं आफ्नो कार्यालयले गरेका कार्यहरुको बारेमा सामुहिक छलफल गरि नेपाल भरिकै कानूनी प्रतिरक्षा प्रणाली, कानून निर्माण प्रकृया र निर्णय कार्यान्वयनका कार्यविधिका सम्वन्धमा एकरुपता ल्याउने उदेश्यका साथ

अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम संचालन भ्रमण मुख्य न्यायाधिवक्ताको कार्यालय बाग्मती प्रदेश हेटौडामा सम्पन्न भयो । नेपालको संविधान वमोजिम मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको पक्षमा कार्य गरि रहेको छ सो कार्य गर्दा विविध प्रकारका समस्याहरु झेल्नु परेको यथार्थ ढाक छोप गर्न सकिदैन जस्तै भौतिक पूर्वाधारको कमी, कार्य सम्पादन वातावारणको आभाव, जनशक्ति व्यवस्थापनमा चुनौती, प्रदेश सरकारका सरकारी निकायहरु संगको समन्वयमा जटिलता, प्रतिरक्षा प्रणालीमा एकरुपता नहुने, लिखित जवाफमा एकरुपता नहुने, विविध कारणले मुद्दा फर्स्योटमा ढिलाई जस्ता विषयवस्तु रहेपनि सवै निकाय एवं पदीय जिम्मेवारी पाएका व्यक्तिहरुले आ आफ्नो कमी कमजोरीलाई हटाई जिम्मेवारी पुरा गर्न उद्दत हुन सकेमा प्रदेश सरकारको मुख्य कानूनी सल्लाहाकारको भूमिकामा मुख्य न्यायाधिवक्ताको प्रभावकारितालाई बढावा दिन सकिन्छ जसको सेवा प्रदेश सरकार र यहाका जनताका लागि अपरिहार्यता रहेको छ ।

## ८. निष्कर्ष

संघिय शासन व्यवस्थालाई आत्मसाथ गर्दै मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश सरकार प्रति पूर्ण उत्तरदायी रही प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सक्षम निकायको रुपमा विकास गर्नका लागि मुख्य न्यायाधिवाक्तालाई महान्यायाधिवक्ताको मातहतमा रहने संवैधानिक व्यवस्थाको पुनर्विचार हुनुपर्ने, प्रदेश सरकार बाट निर्माण भएका कानूनमा भएको दण्ड सजायको व्यवस्थालाई सुदृढ गर्न मुख्य न्यायाधिवक्तालाई अभियोजनको पाटोमा संलग्न गर्न उपयुक्त कार्यविधि तयार गर्नुपर्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को प्रावधान अनुसार प्रोवेशन र प्यारोल बोडको स्थापना र कार्यान्वयनका लागि कार्यविधि निर्धारण गरि मुख्य न्यायाधिवक्ता बाट प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षण हुनुपर्ने, मुख्य न्यायाधिवक्ताको कार्यालयमा स्वीकृत दरवन्दी अनुसार सरकारी वकिलको पदपूर्ती हुनु पर्ने, प्रदेश सरकारका निकायबाट प्राप्त हुने लिखित जवाफमा एकरुपता ल्याउनको लागि सो क्षेत्रमा काम गर्ने प्रदेश सरकारका कर्मचारी हरुलाई मुख्य न्यायाधिवक्ताको पहलमा प्रशिक्षण दिनुपर्ने, सक्षम सरकारी वकिललाई अझ सक्षम बनाउन तालिमको व्यवस्था गर्नुपर्ने, नेपालका सबै प्रदेश सरकारले गरेका काम कारवाहीलाई एकरुपता कायम गर्नुपर्ने, मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश बाट मुद्दा हेर्ने प्रयोजनका लागि कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका बनाई प्रदेश सरकारमा स्वीकृतको लागि पठाईएकोमा उक्त निर्देशिका स्वीकृत भएमा मुद्दाको प्रतिरक्षा प्रणाली थप सुदृढ हुने, मुख्य न्यायाधिवक्ताको कार्यालय स्थायी प्रवृतिको हुने भएकाले सो को भौतिक संरचना चुस्त दुरुस्त हुनुपर्न, स्थानीय स्तरमा रहने न्यायिक

समिति संग मुख्य न्यायाधिवक्ताको समन्वयात्मक भूमिका बारेमा कानूनी स्पष्टता हुनुपर्ने जस्ता विषयमा छलफल गरि मुख्य न्यायाधिवक्ताको कार्यालय बाग्मती प्रदेश हेटौडामा अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

**प्रतिवेदन सहयोगी**

..............................

नारायण प्रसाद दाहाल
सहायक न्यायाधिवक्ता
मुख्य न्यायाधिवक्ताको कार्यालय,
कोशी प्रदेश, विराटनगर

**प्रतिवेदन कर्ता**

..............................

केशव प्रसाद पन्त
उप न्यायाधिवक्ता
मुख्य न्यायाधिवक्ताको कार्यालय,
कोशी प्रदेश, विराटनगर

**प्रतिवेदक**

..............................

प्रा. भोजराज श्रेष्ठ
माननीय मुख्य न्यायाधिवक्ता
मुख्य न्यायाधिवक्ताको कार्यालय,
कोशी प्रदेश , विराटनगर

# परिच्छेद – ३

# २०७८/०७९ का कार्यक्रम सञ्चालनमा भएका अनुभव तथा सुझावहरु

## ३.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका सवल र दुर्वल पक्षः

नेपालको संविधानमा सर्वप्रथम मुख्य न्यायाधिवक्ताको अवधारणा स्थापित भई प्रदेश न. १ मा मुख्य न्यायाधिवक्ताको कार्यालयले कार्य संचालन गरी रहेकोमा यस कार्यालयसँग सम्बन्धित आन्तरिक र वाह्य वातावरण एवं वस्तुस्थिति विश्लेषण गर्दा देहायका सवल र दुर्वल पक्षहरु देखिएका छन् ।

**सवल पक्षहरु**

- मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएपछि प्रदेशका मुख्यमन्त्री, मन्त्रिपरिषदका सदस्यहरु तथा प्रदेश सरकारले तोकिदिएको सरकारी निकाय र अन्य अधिकारीहरुलाई सहज रुपमा संवैधानिक एवं कानूनी विषयमा सहजरुप राय सल्लाह उपलब्ध भएको अवस्था रहेको छ।
- प्रदेश सरकार वा प्रदेश सरकारको क्षत्राधिकार भित्र रहेका निकाय वा कार्यालय विरुद्ध परेका रीट निवेदनहरुमा सर्वोच्च एवम् उच्च अदालतमा प्रदेश सरकारको तर्फ वाट वहस पैरवी तथा प्रतिरक्षाको निम्ती प्रतिनिधित्त्व गरिएको अवस्था रहेको छ।
- प्रदेशको क्षेत्रभित्र पर्ने विषयहरुमा आवश्यक कानून नियम, निर्देशिका निर्माण गर्ने कार्यमा मुख्य न्यायाधिवक्ताको कार्यालयको महत्त्वपुर्ण भूमिका रहेको छ।
- आफ्नो भवनको अभाव भए पनि स्वीकृत दरबन्दी बमोजिमका कर्मचारीहरुवाट दैनिक कार्य सम्पादन भएको अवस्था छ।
